2

# इस्लामको दोस्रो किताब



# इस्लामको
# दोस्रो
# किताब

इस्लामबाट नभाग
साँच्चो मार्गदर्शन यही हो
ऐ निद्रामग्न मानिसहरूहो जाग
प्रातकालको सूर्य यही हो।

# बालकहरूका लागि
# इस्लामको दोस्रो किताब

किताबको नाम : इस्लामको दोस्रो किताब

लेखक : चौधरी मुहम्मद शरीफ

अनुवादक : अताउर रहमान खालिद

कम्पोजर : शोएब अहमद क़मर

पहलो संस्कारण : 2018

संख्या : 1000

छापा खानाको नाम:

प्रकाशक : अहमदिया संघ नेपाल,
सिना मङ्गल, काठमाण्डौं

# प्रकाशकीय टिप्पणी

इस्लाम त्यसधर्म र त्यसविधि अनुसार जीवनयापन गर्नुको नाम हो जुन अल्लाहका रसूल (पैगम्बर) हज़रत मुहम्मद (सल्लम) ले अल्लाहका जुनाफबाट ल्याउनुभएको थियो र जुन पवित्र कुरआनमा तथा हदीसहरूमा बताइएको छ अनि पवित्र नबी हज़रत मुहम्म्द (सल्लम) ले आफ्नो व्यवहारिक आदर्शद्वारा हामीलाई सिकाउनु भएको छ।

धर्म सिक्नु र इस्लामका आवश्यकीय कुराहरूबारे ज्ञानार्जन गर्ने प्रयास गर्नु प्रत्येक मुसलमानको कर्तव्य रहेको छ। धार्मिक ज्ञान प्राप्त गर्ने व्यक्तिहरूको श्रेष्ठता वर्णन गर्दै हज़रत मुहम्मद (सल्लम) ले भन्नुभएको छः-

مَنْ يُّرِدِ اللّٰهُ بِهٖ خَيْرًا يُّفَقِّهْهُ فِي الدِّيْنِ۔ (بخاری)

अर्थातः-जसलाई अल्लाह तआलाले भलाइ र उन्नति प्रदान गर्नचाहन्छन त्यसलाई धर्मको समझ (जानकारी) प्रदान गर्छन।

अतः बाल्यकालदेखि नै इस्लाम धर्म सिक्ने र यसका जरूरी तथा मौलिक कुराहरूको ज्ञान प्राप्त गर्ने जिज्ञासा र इच्छा मनमा जगाउनु आवयश्क छ। यसैगरी इस्लामका आदेशहरू अनुसार आफ्नो जीवन यापन गर्ने

प्रयास हुनुपर्छ र बाल्यकालदेखि नै बालकहरूमा धार्मिक शिक्षा अल्लाह र उनका रसूलको प्रेम र स्वाभिमान उत्पन्न गर्नु पनि आवश्यक छ।

इस्लामको यो दोस्रो किताब जहाँ बाल–बालिकाहरूको धार्मिक शिक्षाहेतु अति रोचक छ त्यहीँ बडी उमेरका मानिसहरूले पनि यसको अध्ययन गरी इस्लाम धर्मसम्बन्धी आफ्नो ज्ञानबर्धन गर्न सक्नेछन। अल्लाह तआला (परमेश्वर) ले यस किताबलाई सबैका लागि अत्यन्त लाभदायक र इस्लामको मौलिक शिक्षार्जनको उत्तम साधन बनाउन भन्ने हाम्रो हार्दिक प्रार्थना र मनोकामना रहेको छ।

भवदीय
राष्ट्रीय अध्यक्ष
अहमदिया संघ नेपाल

# इस्लामको दोस्रो किताब

## नमाज़

अल्लाह तआलाले मानिसलाई सृष्टि गरे र उसको समस्त खाँचो र आवयश्कता पूरा गरे तथा उसलाई सबै प्रकारका सामानहरू उपलब्ध गराए। खानको लागि अन्नाहार, लगाउनका लागि वस्त्र प्रदान गरे। हामीले उनको धन्यवाद र कृतज्ञता प्रकट गर्नु जरूरी छ र उनका सबै दानहरू र वैभवहरूको कदर (सदव्यवहार) गर्नु आवयश्क छ त्यसकारण हामीले उनको उपासना गर्नु जरूरी छ। अल्लाह तआलाको आदेश पवित्र कुरआनमा यसप्रकार रहेको छः–"वमा ख़लक्तुल जिन्न वल् इन्सा इल्ला लियअबुदून" अर्थात– मानिसलाई केवल मेरो (अल्लाह तआलाको) उपासना गर्नका लागि बनाइएको हो। जगतका सबै वस्तुहरू मानिसका लागि बनाइका हुन र मानिसको सृष्टि केवल खुदा तआलाका लागि गरिएको हो।

सबै उपासनाहरूमा नमाज़ सर्वश्रेष्ठ उपासना हो। नमाज़ मोमिन(विश्वासी) हरूको प्रगति र उन्नतिको साधन हो। यसबाट जति चाहे त्यति उन्नति प्राप्त हुनसक्छ। नमाज़ले मानिसलाई निर्लज्जता र दुष्कर्मबाट रोक्छ। यसबाट मानिसको हृदय पवित्र हुन्छ र पापहरूको मैल

धोइन्छ। मानिस प्रत्येक प्रकारका पापहरू र दुष्कर्महरूबाट बच्नजान्छ। जो व्यक्ति साँचो मनले र विनयपूर्वक नमाज़को अनुष्ठान गर्छ अल्लाह तआलाले त्यसलाई सम्मान र प्रतिष्ठा प्रदान गर्छन र त्यसलाई आफ्नो सान्निध्य प्रदान गर्छन। यस्ता व्यक्तिहरू सम्माननीय स्वर्गभूमिमा प्रवेश गर्नेछन।

## नमाज़ के हो?

नमाज़ त्यो अल्लाहको स्तुति हो जसमा उनको गुणगान, प्रशंसा र पवित्रता तथा प्रायश्चित र दरूद (हज़रत मुहम्मद सल्लमका लागि शान्तिवर्षणको प्रार्थना) र दुआ (पुकार) विनम्रताका साथ गरिन्छ। जब तिमी नमाज़ पढ्छौ तब अति शिष्टतापूर्वक खडा हुनेगर यस्तो लागोस मानौ तिमी अल्लाह तआलालाई देखिरहेछौअथवा कम से कम अल्लाह तआलाले तिमीलाई देखिरहेछन र तिमी उनका सामुन्ने खडा छौ भन्ने धारणा तिम्रो होस। नमाज़ पढ्दैगरेको समयमा कुनै अन्यतर्फ ध्यान नजाओस अपितु केवल आफ्ना प्रभुतर्फ संपूर्ण ध्यान होस। जुन प्रार्थना र विन्ती गर्नु छ त्यो नमाज़भित्र नै गर। जो व्यक्ति नमाज़लाई त्यसका सबै शर्तहरूका साथ अनुष्ठान गर्दैन त्यसको नमाज़ यथार्थमा नमाज़ होइन। जसले नमाजमा म

के पढिरहेछु भन्ने कुरो जान्दैन त्यसको पनि नमाज़ हुनेछैन। त्यसकारण अत्यन्त सोच र समझका साथ तिमी नमाज़ अनुष्ठान गर। जसरी अल्लाह तआलाले आदेश दिएका छन त्यसरी नै नमाज़ अनुष्ठान गर जसबाट तिमीलाई अल्लाह तआलाको सान्निध्य प्राप्त होस। तथा तिमी उनका भक्त बन र सबै पापहरूबाट मुक्त होउ तथा आध्यात्मिक र भौतिक (सांसारिक) सबै सुख र वरदानहरू तिमीलाई प्राप्त हुन अनि तिम्रा खुदा तिमीबाट प्रसन्न हुनजाउन। वस्तुतः उनको प्रसन्नताभन्दा उत्तम कुरो अन्य केही छैन।

## <u>नमाज़का शर्तहरू</u>

नमाज़ अनुष्ठानका लागि छः वटा शर्तहरू छनः-

1. शरीर पवित्र र सफा होस।
2. वस्त्र- कपडाहरू सफा हुन।
3. नमाज़ अनुष्ठान गर्ने ठाँउ सफा होस।
4. क़िब्ला (ख़ाना काबा) तर्फ मुख होस।
5. नमाज़को नियत (मनसाय) होस।
6. गुप्तागंहरू ढापिएका हुन।

## शारीरिक शुद्धता

यदि कसैले दिसा पिसाब गरेको रहेमा पहिला (पानी लिएर) बायाँ हातले सफाइ गरोस, दाहिने हात नलगाओस। यदि पानी उपलब्ध नरहेमा माटाका डल्लाहरू र ढुगांहरू (पनि) प्रयोग गर्न सक्नेछ। (गोबर, लिदी अथवा हड्डीद्धारा सफाइ गर्नु निषेध छ) आफ्नो हात माटोमा मलेर धोओस र वजू (शुद्धता)गरोस। तथा यदि वीर्यपतनको अवस्था रहेमा अथवा महिला रजस्वलाको अवस्थामा रहेकी भएमा पहिला स्नान गरोस। स्नान गर्ने विधि के रहेको छ भने पहिला गुप्तागं सफा गरोस त्यसपछि वजू(हात मुख सफा) गरोस। त्यसपछि सिरमा तीनपटक पानी हालेर समस्त शरीरमाथि पानी बगाओस (तीन पटक पानी हाल्नु सुन्नत हो)। परन्तु शरीरको कुनै अंश सुक्खा नरहोस। स्नानका निम्ति पर्दादार स्थान हुनु र कुनै कपडा बाध्नु उत्तम हुनेछ।

## वजू(स्वच्छता) गर्ने विधि

पहिला बिस्मिल्लाहिर्रहमानिर्रहीम (परम कृपालु, परम दयालु अल्लाहको नाम लिएर आरम्भ गर्छु) पढोस। त्यसपछि दुवैवटा हात धोओस त्यसपछि तीनपटक कुल्ला गरोस। त्यसैगरी तीनपटक मुहारमाथि पानी हलेर मुख धोओस। त्यसपछि तीनपटक दुवै हात कुहुनासम्म धोओस

र सिरमा हात मलोस। अर्थात पहिला दुवैवटा हातहरू अघिल्याएर कानहरू र गर्धनमा मलोस र दुवैवटा पाउहरू (पहिला दायाँ र त्यसपछि बायाँ गोलीगाठोँसम्म) तीन तीनपटक धोओस। यदि पाउमा मोजा रहेमा र त्यो वज़ू गरेर लगाएको भरमा त्यसमाथि गिलो हात मल्नु पर्याप्त हुनेछ।

मसह(हातमलेर स्वच्छता) गर्ने विधि यसप्रकार रहेको छ– हातका औंलाहरू पानीमा भिजाएर पाउका औंलाहरू देखि लिएर पिँडुलासम्म मलोस। मसह (गिलो हात मल्ने) को अवधि स्थानीयका लागि एक दिन रात र यात्रुका लागि तीन दिन रात निश्चित छ। त्यसपछि मोजा इत्यादि उतारेर पाउ धुनु पर्नेछ। यदि कोही यस्तो ठाउँ रहेमा जहाँ पानी हाल्दा कष्ट पुग्ने आशंका रहेमा मसह(गिलो हात मल्नु) पर्याप्त हुनेछ।

यदि मोजाहरू फाटेका रहेमा र त्यसबाट पाउका तीनवटा औंलाहरू देखिन गएमा त्यसमाथि मसह गर्नु उचित हुनेछैन। वज़ू पूरा गरिसकेपछि निम्न दुआ पढोसः–

اَشْهَدُ اَنْ لَّآ اِلٰهَ اِلَّا اللّٰهُ وَاَشْهَدُ اَنَّ مُحَمَّدًا عَبْدُهٗ وَرَسُوْلُهٗ ـ1

اَللّٰهُمَّ اجْعَلْنِيْ مِنَ التَّوَّابِيْنَ وَاجْعَلْنِيْ مِنَ الْمُتَطَهِّرِيْنَ ـ2

अर्थातः– अल्लाहबाहेक कोही उपास्य छैन र मुहम्मद उनका भृत्य र उनका रसूल (सन्देशवाहक) हुन

भनी म साक्षी दिन्छु। हे अल्लाह! मलाई प्रायश्चित गर्नेहरू र पवित्र रहनेहरूमा सम्मिलित गर। वज़ू गर्दा सबै अंगहरूलाई तीन तीन पटक धुनु सुन्नत (नियम) हो। यदि वज़ू टुट्यो भने पुनः वज़ू गर्नुपर्नेछ।

## वज़ू कसरी टुट्छ

1. पिसाब गर्नाले
2. पाइखाना गर्नाले
3. पाद मार्नाले
4. ढल्केर अथवा कुनै वस्तुमाथि अडेस लगाएर सुत्नाले
5. बेहोस भएमा
6. कुनै अंगबाट रक्त अथवा पीप इत्यादि बगेर निस्कनाले वज़ू टुट्नेछ।

यदि वज़ू गर्नका लागि पानी उपलब्ध नभएमा अथवा पानी प्रयोग गर्नाले बीमार हुने अथवा बिमारी बढने डर रहेमा अथवा कुवाँ इत्यादिबाट पानी निकाल्ने साधन नरहेमा अथवा पानीमाथि शत्रु वा हिंस्रक जानवरको कब्जा रहेमा तयम्मम (पवित्र माटो हातमा मलेर शरीरमा मल्नु) गर्न सकिनेछ।

तयम्मम गर्ने विधि निम्नानुसार छः-

पहिला दुवै हात पवित्र माटो अथवा माटो लागेको वस्तुमा लगाएर मुखमा हात मलोस पुनः दोस्रो पटक माटोमाथि हात लगाएर दुवै हात कुहुनासम्म मलोस।

तयम्मम वज़ूको बदलामा गरिन्छ त्यसकारण जब पानी उपलब्ध हुन्छ तब तयम्मम हुनसक्दैन। जुन कुराहरूबाट वज़ू टुट्छ तिनै वस्तुहरूबाट तयम्मम पनि टुट्नजान्छ। तयम्मम माटोबाहेक बालुवा, ढुङगा अथवा चूना इत्यादिबाट पनि गर्न सकिन्छ।

## वस्त्रको सफाइ

वस्त्र-कपडा सफा हुनुको तात्पर्य कपडाहरूमा पिसाब इत्यादिका छिँटाहरू परेका नहून अथवा अन्य कुनै प्रकारको दुर्गन्ध वा रक्त इत्यादि लागेको नहोस। यदि पिसाब अथवा पाइखाना इत्यादि कपडामा लागेमा तिनलाई पानीद्धारा धुनुपर्नेछ। परन्तु यदि कपडाहरू अपवित्र रहेमा र तिनलाई धुने कुनै साधन नरहेमा तिनै कपडाहरू लगाएर नमाज़ पढ्न सकिनेछ। यदि कपडा नरहेमा बसि बसि नमाज़ पढ्न सकिनेछ। तथा रकूअ (झुक्नु) र सजदा (दण्डवत) सांकेतिक रूपमा गर्न सकिनेछ।

## नमाज़ पढने ठाउँको सफाइ

नमाज़ पढने स्थान सफा र पवित्र हुनुपर्नेछ, यदि त्यसठाउँमा फोहोर मैला रहेमा र त्यो घाममा सुकेको भएमा र त्यसको प्रभाव समाप्त भएको रहेमाबाख्राको खोरमा नमाज़ पढन निषेधित छैन। परन्तु ऊँटहरू राख्ने ठाउँमा र कब्रिस्तानमा तथा जनावरको लिदी भएको ठाउँमा, जनावर काट्ने ठाउँमा, मार्गमा र खाना काबामाथि नमाज़ पढ्नु निषेधित छ।

## क़िब्ला

नमाज़का लागि किब्लातर्फ मुख हुनु शर्त रहेको छ। परन्तु यदि कुनै शत्रुको डर रहेमा अथवा कुनै अन्य खतरा रहेमा जुन दिशामा हुनसक्छ त्यसैदिशातर्फ मुख गरी नमाज़ पढ्न सकिनेछ।

यदि अन्धकारमय रात्रि रहेमा र क़िब्ला कता पर्छ भन्ने थाहा नलागेमा र मनले यता क़िब्ला पर्छहोला भन्ने साक्षी दिएमा त्यसैतर्फ मुख गरी नमाज़ पढियोस। यदि नमाज़ पढिसकेपछि जुनदिशातर्फ मुख गरी नमाज़ पढिएको थियो त्यता क़िब्ला थिएन भन्ने कुरो थाहा लागेमा पुनः नमाज़ पढ्नु आवश्यक छैन। तथा यदि

नमाज़को बिचैमा क़िब्ला कुनै अन्य दिशामा छ भन्ने थाहा लागेमा त्यसतर्फ मुख फर्काइयोस।

## नियत

नमाज़ आरम्भ गर्नुभन्दा पहिला मनमा नियत (मनसाय) हुनु आवश्यक छै। अर्थात कुन नमाज़ हो- फर्ज़ अथवा सुन्नत वा नफल हो।

## सतर(गुप्तांग)ढाक्नु

नमाज़का लागि पुरूषले आफ्नो शरीर नाभि देखि लिएर घुँडाको तल्लो भागसम्म ढाक्नु अनिवार्य छ। यदि दुवैवटा काँधहरू नांगा रहेमा नमाज़ मक्रूह (अप्रिय) हुन्छ।

महिलाले मुख र हात-पाउबाहेक समस्त शरीर ढाक्नु अनिवार्य हुनेछ। यदि अंगको चौथो भाग नांगो रहेमा नमाज़ खराब हुनेछ।

## अज़ान(नमाज़को लागि आहवान)

जब नमाज़ अनुष्ठानको समय हुन्छ मस्जिदहरूमा अज़ान दिइन्छ। अज़ान दिनु सुन्नत(चलन) हो। मुवज़्ज़िन(अज़ान दिने व्यक्ति) ले क़िब्लातर्फ मुख गरी

दुवै कानमा औँला हालेर खडा हुनुपर्नेछ। त्यसपछि चार पटक "अल्लाहु अकबर" (अल्लाह सबैभन्दा महान हुन) भन्नेछ। पुनः दुईपटक "अश्हदु अल्ला इलाहा इल्लल्लाह" (अल्लाहबाहेक कोही उपास्य छैन भनी म साक्षी दिन्छु) पुनः दुईपटक "अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह" (मुहम्मदअल्लाहका रसूल हुन भनी म साक्षी दिन्छु) भन्नेछ। त्यसपछि दायाँतर्फ मुख गरेर दुईपटक "हय्य अल स्सलात"(नमाज़तर्फ आऊ) भन्नेछ। पुनः बायाँतर्फ मुखगरी दुईपटक "हय्य अलल फलाह" (सफलतातर्फ आऊ) भन्नेछ। पुनः क़िब्लातर्फ मुख गरी दुईपटक "अल्लाहु अकबर" र एकपटक "ला इलाहा इल्लल्लाह" भन्नेछ। परन्तु फज्र (प्रातःकाल) को नमाज़मा भने "हय्य अलल फलाह" पछि क़िब्लातर्फ मुख गरी दुईपटक "अस्सलातु खैरू म्मिनन नौम"(नमाज़ निद्राभन्दा उत्तम हो) भन्नेछ। मुवज़्ज़िनले वज़ू (स्वच्छता) गरी अज़ान दिनु उचित हुनेछ।

जो व्यक्तिले अज़ान सुन्छ त्यसले तिनै शब्दहरू दोहोर्यास। परन्तु जब मुवज़्ज़िनले "हय्य अलस्सलात" र "हय्य अलल फलाह" भन्छ तब सुनने व्यक्तिले "ला हौला व ला कुव्वता इल्ला बिल्लाह" (अल्लाहबाहेक

कसैलाई शक्ति र सामर्थ्य प्राप्त छैन) भनोस। जब अज़ान समाप्त हुन्छ तब निम्नको दुआ पढियोस

اَللّٰهُمَّ رَبَّ هٰذِهِ الدَّعْوَةِ التَّآمَّةِ وَالصَّلٰوةِ الْقَائِمَةِ اٰتِ مُحَمَّدَ نِ الْوَسِيْلَةَ وَالْفَضِيْلَةَ وَال
دَّرَجَةَ الرَّفِيْعَةَ وَابْعَثْهُ مَقَامًا مَّحْمُوْدَا نِ الَّذِيْ وَعَدْتَّهٗ اِنَّكَ لَا تُخْلِفُ الْمِيْعَادَ۔

अर्थातः– हे मेरा अल्लाह! यस पूर्ण आहवान र अनुष्ठान हुनलागेको नमाज़का प्रभु! हज़रत मुहम्मद (सल्लम) लाई मध्यस्थता, श्रेष्ठता र उच्च दर्जा प्रदान गर। र जुन प्रशंसनीय स्थानकोतिमीले उहाँसित वाचा गरेका छौ त्यसमा उहाँको उत्थान गर। तिमीले वाचा तौडदैनौ भन्ने मलाई पूर्ण विश्वास छ।

सबै काम–काज खेल–कूद इत्यादि त्यागेर नमाज़का लागि मस्जिदतर्फ जानु आवश्यक छ।

## इक़ामत

जब नमाज़को अनुष्ठान हुनलाग्छ र इमाम (अगुवा) मुसल्ला (नमाज़ पढ्ने आसनी) माथि खडा हुनेछ तब मानिसहरूले सीधा पंक्ति बनाएर उनका पछाडि खडा हुनुपर्नेछ। पंक्तिको दुरूस्ती नमाज़ पूरा गर्नका लागि अनिवार्य रहेको छ। हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले पंक्ति सीधा राख्ने सम्बन्धमा विशेषाधेश

दिनुभएको छ। जब पंक्तिहरू सीधा हुनजान्छन तब मुवज़्ज़िनबाहेक कुनै अन्य व्यक्तिले पनि उसको अनुमति लिएर इक़ामत पढ्न सक्छ। इक़ामतका शब्दहरू निम्नानुसार रहेका छनः–

اَللهُاَ كْبَر -اَللهُاَ كْبَر -
اَشْهَدُ اَنْلَّا اِلٰهَاِلَّا الله ـ اَشْهَدُ اَنَّمُحَمَّدًا رَّسُوْلُ الله ـ حَيَّعَلَيا الصَّلٰوة-
حَيَّعَلَيا لْفَلَاَح-قَدْ قَامَتِ الصَّلٰوة ـ قَدْ قَا مَتِ الصّلٰوةُ-اَللهُاَ كْبَر -اَللهُاَ كْبَر -لَآ
اِلٰهَ اِلَّا اللهُ ـ

अर्थातः–अल्लाह सबैभन्दा महान हुन, अल्लाह सबैभन्दा महान हुन। अल्लाहबाहेक अन्य कोही उपास्य छैन भनी म साक्षी दिन्छु। मुहम्मद अल्लाहका रसूल हुन भनी म साक्षी दिन्छु। नमाज़तर्फ आऊ,सफलतातर्फ आऊ। नमाज़ खडा हुन लागिरहेछ, नमाज़ खडा हुन लागिरहेछ, अल्लाह सबैभन्दा महान हुन, अल्लाह सबैभन्दा महान हुन। अल्लाहबाहेक कोही उपास्य छैन।

## नमाज़का समयहरू

फज्र (प्रातःकाल) को नमाज़को समय उषाकाल देखि लिएर सूर्योदयसम्म रहेको छ। ज़ोहर (अपराह्न) को नमाज़को समय सूर्य ढल्नलाग्दा देखि लिएर छाया डबल हुने समयसम्म। अस्र (तेस्रो पहर) को नमाज़को ज़ोहर

देखि लिएर सूर्य पहेँलो हुनेबेलासम्म। मग़रिब(बेलुकीपख) को नमाज़को समय सूर्यास्त देखि लिएर शफ़क(रातो रंग जुन सूर्यास्तपछि पश्चिममा देखिन्छ)डुब्ने समयसम्म। ईशा (रात्रि) को नमाज़को समय शफ़क डूबेदेखि लिएर आधिरातसम्म रहेको छ।

नोटः- निद्रावस्थामा छुटेको अथवा भुलेको अथवा रोकिएको नमाज़को समय भने जब मानिस जाग्दछ, अथवा सम्झन्छ अथवा उसको रोक टल्छ तब हुनेछ।

## निषेधित समय

सूर्योदय र सूर्यास्त भइरहेको समयमा र सूर्य ठीक शिरमाथि (मध्याह्न) रहेको समयमा। यसैगरी अस्रको नमाज़पछि सूर्यास्तसम्म। प्रातःकालको नमाज़पछि सूर्योदयसम्म कुनै नमाज़ नपढियोस। यी समयहरूमा नमाज़ पढ्नु निषेधित छ किनभने यी सूर्यको उपासना गर्नेहरूका समयहरू हुन।

## नमाज़का रिकआत(संख्याहरू)

1. फज्रः- दुई रिकअत सुन्नत, दुई रिकअत फर्ज़
2. ज़ोहरः- चार रिकअत सुन्नत, चार रिकअत फर्ज़, दुई रिकअत सुन्नत

3. अस्रः– चार रिकअत फर्ज़

4. मग़रिबः– तीन रिकअत फर्ज़, दुई रिकअत सुन्नत

5. ईशाः- चार रिकअत सुन्नत, चार रिकअत फर्ज़, दुई रिकअत सुन्नत, तीन रिकअत वितर

## नमाज़ पढ्ने तरीका

(फतावा अहमदियाबाट उद्धृत)

जब मानिस नमाज़ पढनका लागि खडा हुन्छ तब काबातर्फ मुख गरी“अल्लाहुअकबर” पढेर आफ्ना दुवै हातहरू कानसम्म औंलाहरू पुग्नेगरी उठाओस। त्यसपछि दुवै हातहरूलाई तल ल्याएर छातिमाथि अर्थात दुवै वक्षहरूमाथि अथवा तिनमा जोडेर तलतिर बायाँ हात तल र दायाँ हात माथि राखी दुवैहात बाँधेर निम्नको दुआ( प्रार्थना) पढोसः–

اَللّٰهُمَّ بَاعِدْ بَيْنِىْ وَ بَيْنَ خَطَايَاىَ كَمَا بَاعَدْتَّ بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ۔ اَللّٰهُمَّ نَقِّنِىْ مِنْ خَطَايَاىَ كَمَا يُنَقَّى الثَّوْبُ الْاَبْيَضُ مِنَ الدَّنَسِ۔ اَللّٰهُمَّ اغْسِلْنِىْ مِنْ خَطَايَاىَ بِالْمَآءِ وَالثَّلْجِ وَالْبَرْدِ۔

अर्थातः– हे अल्लाह !म र मेरा त्रुटिहरूका बीचमा दूरी उत्पन्न गर जसरी पूर्व र पश्चिमका बीचमा तिमीले दूरी राखेका छौ। हे अल्लाह !मलाई त्यसरी नै सफा र

स्वच्छ गर जसरी सेतो कपडा मैलबाट सफा गरिन्छ। हे अल्लाह!मेरा पापहरू र भूलहरू पानी, बर्फ र असिनाद्धारा धोइदेउ।

त्यसपछि सना (पवित्रता वर्णन) पढोस जो निम्नानुसार छः-

سُبْحٰنَكَ اللّٰهُمَّ وَبِحَمْدِكَ وَتَبَارَكَ اسْمُكَ وَتَعَالٰى جَدُّكَ وَلَآ اِلٰهَ غَيْرُكَ۔

अर्थातः- हे अल्लाह!तिमी पवित्र रहेका छौ तथा आफ्नो प्रशंसामा अद्धितीय रहेका छौ। तथा तिम्रो नाम मंगलमय रहेको छ र तिम्रो महिमा अपरम्पार छ। तथा तिमीबाहेक कोही उपास्य छैन।

त्यसपछि तओज़ पढोस

اَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْم
بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْم

अर्थातः- म धुत्कारेको सैतानबाट अल्लाहको शरण माग्छु।

यसपछि सूरः फातिहा पढोस

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ o الرَّحْمٰنِ الرَّحِيْمِ o مٰلِكِ يَوْمِ الدِّيْنِ o اِيَّاكَ نَعْبُدُ وَاِيَّاكَ نَسْتَ
عِيْنُ o اِهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيْمَ o صِرَاطَ الَّذِيْنَ اَنْعَمْتَ عَلَيْهِمْ o غَيْرِ الْمَغْضُوْبِ عَلَيْ
هِمْ وَلَا الضَّآلِّيْنَ o اٰمِيْن

अनुवादः– समस्त प्रशंसा अल्लाहका निम्ति हो जो समस्त जगतका पालनहार रहेका छन। परम कृपालु र परम दयालु रहेका छन। उनी साँचो परिश्रम लाई विफल जान दिदैनन। उनी निर्णयको दिनका मालिक(स्वामी) रहेका छन। हामी तिम्रो उपासना गर्छौं र तिमीसित नै सहयोग माग्छौं। हामीलाई सन्मार्ग देखाउ। ती व्यक्तिहरूको मार्ग जसलाई तिमीले पुरस्कार प्रदान गर्‍यौ। तिनीहरूको (मार्ग) होइन जसमाथि (तिम्रो) प्रकोप परेको छ न तिनीहरूको जसले साँचो शिक्षालाई विस्मरण गरे अर्थात पथभ्रष्ट भए। आमीन (मेरो प्रार्थना स्वीकार गर)

त्यसपछि पवित्र कुरआनको कुनै एक सूरः पढोस । निम्नमा सूरः इखलास दिइएको छः–

قُلْ هُوَ اللّٰهُ اَحَدٌ o اَللّٰهُ الصَّمَدُ o لَمْ يَلِدْ وَلَمْ يُوْلَدْ o وَلَمْ يَكُنْ لَّهٗ كُفُوًا اَحَدٌ o

अनुवादः– अल्लाह एक अद्धितीय हुन भनी घोषणा गर। उनी पूर्ण आत्मनिर्भर रहेका छन। न उनको कोही सन्तान छ न उनी कसैका सन्तान हुन। न कोही उनी बराबर र उनको सहभागी हुनसक्छ।

अथवा पवित्र कुरआनका केही आयतहरू पढोस र पुनः "अल्लाहु अकबर" पढेर रकूअ (झुकाउ) मा जाओस र दुवै हातले आफ्ना दुवै घुँडाहरूलाई औँलाहरू फैलाएर समातोस र दुवै नारीहरूलाई सीधा राखोस तथा पिठ्यूँ र शिरलाई बरारर राखोस। तीनपटक अथवा तीनपटक भन्दा अधिक बेजोड संख्यामा "सुब्हान रब्बियल अज़ीम"(मेरा प्रभु पवित्र छन र अत्यन्त महान छन) पढोस। त्यसपछि "समिअल्लाहु लिमन हमिदह" (जसले अल्लाहको प्रशंसा गर्‍यो उनले त्यसको सुने) पढ्दै सीधा खडा होस। तथा "रब्बना व लकल हम्द हम्दन कसीरन तैयबन मुबारकन फीहे"(हे मेरा प्रतिपालक! समस्त प्रशंसा तिम्रै निम्ति हो। अत्यन्त अधिक र पवित्र प्रशंसा जसमा बरकत (मंगल) रहेको छ) पढोस र पुनः "अल्लाहु अकबर" पढदै सजदा (साष्टांग दण्डवत) गर्नका लागि तल जाओस र पहिला घुँडाहरू र त्यसपछि हात र नाक तथा निधार धरतीमा राखी तीनपटक अथवा अधिक बेजोड संख्यामा "सुब्हान रब्बियल आला" (मेरा प्रभु पवित्र छन जो उच्च पदवीयुक्त रहेका छन) पढोस, त्यसपछि आफ्नो भाषामा अथवा अरबी भाषामा इच्छानुसार दुआ (याचना) गरोस। (रूकूअ र सज्दाको अवस्थामा पवित्र कुरआनका आयतहरू पढनु निषेध छ) सज्दाको अवस्थामा आफ्ना

दुवै पाउहरू खडा राखोस र तिनका औंलाहरू पनि किब्लातर्फ राखोस र दुवै हातहरूका बीचमा शिर होस। र दुवै नारीहरू पक्षहरूबाट टाढा राखिउन। त्यसपछि "अल्लाहु अकबर" पढदै शिर उठाएर घुँडामाथि बसोस र आफ्ना दुवै हातहरू घुँडामाथि राखोस तथानिम्नको दुआ पढोस।

اَللّٰهُمَّ اغْفِرْلِيْ وَارْحَمْنِيْ وَاهْدِنِيْ وَعَافِنِيْ وَاجْبُرْنِيْ وَارْزُقْنِيْ وَارْفَعْنِيْ۔

अर्थात– हे अल्लाह! मलाई क्षमा गर, ममाथि दया गर, मलाई सन्मार्ग देखाउ, मलाई सुरक्षा र शान्ति प्रदान गर, मेरो सुधार गर र मलाई पारितोषिक प्रदान गर तथा मेरो दर्जा उच्च गर साथै अन्य जुनदुआ गर्नुछ गरोस। पुनः "अल्लाहु अकबर" पढदै दोस्रो सज्दाका लागि झुकोस। र जसरी पहिलो सज्दा गरेको थियो त्यसरी नै दोस्रो पनि गरोस। त्यही "सुब्हान रब्बियल आला" पुनः पढोस। फेरी "अल्लाहु अकबर" पढदै उठेर सीधा खडा हवोस। "सुब्हानल्लाह" र "आउज़ु बिल्लाह" छाडि दोस्रो रिकअत (पटक) मा पनि पहिलोझैं पढोस। पनःपहिला झैं रूकुअ र सज्दा र कअदा (घुँडामाथि बस्नु) गरोस। दोस्रो सज्दापछि घुँडामाथि बसोस र आफ्ना दुवै हातहरू घुँडामाथि राखोस। औँलाहरू खुल्ला र सीधा किब्लातर्फ

गररे राखोस र दायाँ पाउ खडा होस। वायाँ पाउ भने तल ओच्छ्याओस। त्यसपछि तशहुद पढोस जुन निम्नप्रकार छ–

اَلتَّحِيَّاتُ لِلّٰهِ وَالصَّلَوٰتُ وَالطَّيِّبَاتُ اَلسَّلَامُ عَلَيْكَ اَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللهِ وَبَرَكَاتُهٗ اَلسَّلَامُ عَلَيْنَا
وَعَلٰى عِبَادِ اللهِ الصّٰلِحِيْنَ۔ اَشْهَدُ اَنْ لَّا اِلٰهَ اِلَّا اللهُ وَاَشْهَدُ اَنَّ مُحَمَّدًا عَبْدُهٗ وَرَسُوْلُهٗ۔

अर्थातः–सबै प्रकारका ढोग–भेटहरू अल्लाहका निम्ति रहेका छन। यसैगरी नमाज़हरू र पुण्यकार्यहरू पनि। हे नबी! तपाईँमाथि शान्ति होस र अल्लाह तआलाको कृपा र उनको आशीर्वाद पनि। हामीमाथि र अल्लाहका उत्तम भक्तहरूमाथि पनि शान्ति वर्षण होस। अल्लाहबाहेक कोही उपास्य छैन र मुहम्मद (सल्लम) उनका भक्त र उनका रसूल हुनुहुन्छ भनी म साक्षी दिन्छु। यसक्रममा जब "अश्हदु अल्ला इलाहा इल्लल्लाह" (अल्लाहबाहेक कोही उपास्य छैन भनी म साक्षी दिन्छु) पढ्छ तब आफ्नो दायाँ हातको दोस्रो औँलो खडा गरोस। तशहुदपछि दरूद शरीफ पढोस र त्यो यसप्रकार रहेको छः–

اَللّٰهُمَّ صَلِّ عَلٰى مُحَمَّدٍ وَّعَلٰى اٰلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلٰى اِبْرَاهِيْمَ وَعَلٰى اٰلِ
اِبْرَاهِيْمَ اِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ۔ اَللّٰهُمَّ بَارِكْ عَلٰى مُحَمَّدٍ وَّعَلٰى اٰلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلٰى
اِبْرَاهِيْمَ وَعَلٰى اٰلِ اِبْرَاهِيْمَ اِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ۔

अर्थात– हे अल्लाह! मुहम्मद (सल्लम) माथि आफ्नो कृपा अवतीर्ण गर। यसैगरी उहाँका वंशजप्रति पनि, जसरी तिमीले इब्राहीम(अलै.) माथि र उनका वंशजप्रति कृपा अवतीर्ण गरेका थियौ। हे अल्लाह! मुहम्मद (सल्लम) प्रति र उहाँका वंशजप्रति बरकत (कल्याण) अवतीर्ण गर जसरी तिमीले इब्राहीम(अलै.) प्रति र उनका वंशजप्रति बरकत (कल्याण) अवतीर्ण गरेका थियौ। यसपछि नियमित दुआहरू र अन्य दुआहरू इच्छानुसार मागोस।

उदाहरणतः–

رَبَّنَا اٰتِنَا فِى الدُّنْيَا حَسَنَةً وَّفِى الْاٰخِرَةِ حَسَنَةً وَّقِنَا عَذَابَ النَّارِ۔

हे हाम्रा प्रतिपालक! हामीलाई यस संसारमा र परलोकमा पुण्य र भलाइ प्रदान गर र हामीलाई अग्निको दण्डबाट बचाउ।

رَبِّ اجْعَلْنِىْ مُقِيْمَ الصَّلٰوةِ وَمِنْ ذُرِّيَّتِىْ رَبَّنَا وَتَقَبَّلْ دُعَآءِ۔ رَبَّنَا اغْفِرْ لِىْ
وَلِوَالِدَىَّ وَلِلْمُؤْمِنِيْنَ يَوْمَ يَقُوْمُ الْحِسَابُ۔

अर्थातः हे मेरा प्रतिपालक! मलाई नमाज़ अनुष्ठान गर्नेवाला बनाउ र मेरा सन्तानलाई पनि। हे हाम्रा प्रतिपालक! हाम्रो दुआ (पुकार) स्वीकार गर। हे मेरा प्रतिपालक! मलाई र मेरा माता पितालाई तथा सबै विश्वासीजनहरूलाई त्यससमय क्षमादान गर जब हिसाब किताब हुनेछ। यी (दुआहरू) पढेर पहिला दायाँतर्फ मुख फर्काएर "अस्सलामु अलैकुम व रहमतुल्लाह" (तिमीहरूमाथि अल्लाहको शान्ति र कृपा होस)। पुनः बायाँतर्फ मुख फर्काएर "अस्सलामु अलैकुम व रहमतुल्लाह"पढोस । मानौ नमाज़ तकबीर तहरीमा अर्थात सर्वप्रथम "अल्लाहु अकबर" बाट आरम्भ हुन्छ र अल्लाह (शब्द) मा नै समाप्त हुन्छ। परन्तु यदि फर्ज़ तीन अथवा चार रिकआत पढ्नुछ भने तशहुद पढेर खडा हवोस र ती रिकआतहरूमा केवल सूरः फातिहा पढोस। परन्तु वितर र सुन्नतहरूको तेस्रो र चौथो रिकअतमा भने सूरः फातिहापछि एउटा कुनै सूराः अथवा कुरआनका केही आयतहरू पढेर र रूकूअ र सज्दा गरोस। तथा तशहुद र दरूद शरीफ र दुआहरू पढेर समाप्त गरोस। फर्ज़को नमाज़पछि दुआ र तस्बीह पढोस।

اَللّٰهُمَّ اَنْتَ السَّلَامُ وَ مِنْكَ السَّلَامُ وَ اِلَيْكَ يَرْجِعُ السَّلَامُ تَبَارَكْتَ رَبَّنَا وَ تَعَالَيْتَ يَاذَا الْجَلَالِ وَ الْاِكْرَامِ۔

अर्थातः–हे अल्लाह तिमी सलाम हौ र तिमीबाट नै सलामती (शान्ति र सुरक्षा) प्राप्त हुन्छ। तथा तिमीतर्फ नै सलाम (शान्ति) फर्कन्छ। हे हाम्रा प्रभु! तिमी मंगलमय रहेका छौ र तिमी उच्च र परम महिमामय रहेका छौ। हे परम प्रतापी, परम प्रशंसनीय (अल्लाह)। त्यसपछि तैंतीसपटक "सुब्हानल्लाह" (अल्लाह पवित्र छन), तैंतीसपटक "अल्हम्दु लिल्लाह" (प्रत्येक प्रकारको प्रशंसा अल्लाहका लागि रहेको छ) चौंतीसपटक "अल्लाहु अकबर" (अल्लाह सबैभन्दा महान रहेका छन) पढोस।

## नमाज़ बाज़माअत

नमाज़ बाज़माअत(सामूहिक नमाज़) पढनाले सत्ताईस गुणा अधिक पुण्य प्राप्त हुन्छ। जमाअतसित (सामूहिक रूपमा) नमाज़ पढ्ने विशेषादेश हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले दिनुभएको छ। विशेषतः प्रातःकाल र ईशा (रात्रिकाल) को नमाज बाजमाअत (सामूहिक) पढ्ने विशेषरूपमा आदेश दिनुभएको छ।

हदीसको पुस्तकमा वर्णित छ– एकपटक उहाँले भन्नुभयो, “जो व्यक्तिहरू जमाअत (समाज) सित नमाज़ पढ्न आउँदैनन तिनीहरूका घरमा गएर आगो लगाउने इच्छा मेरो मनमा जाग्छ। परन्तु घरमा महिलाहरू र बाल बालिकाहरू पनि हुन्छन त्यसकारण म त्यसोगर्दिन।”

जमाअत (समाज) सित नमाज़ पढ्ने तरीका के रहेको छ भने जब इमाम (अगुवा) खडा हुन्छ तब मुवज़्ज़िनले इकामत पढोस। पछि खडारहेका अनुयायीहरूले पंक्तिहरू सीधा राखून। जब इमामले तकबीरे तहरीमा (अल्लाहु अकबर) पढ्छ तब सबै अनुयायीहरूले निम्नस्वरमा तकबीर भनून। जब इमामले सूरः फातिहा पढिरहेको हुन्छ तब अनुयायीहरूले पनि उसका पछाडि आफ्नो मनमा पढून। जब इमामले पवित्र कुरआन पढ्छ तब अनुयायीहरूले मौन रही ध्यानपूर्वक उसलाई सुन्दैजाऊन। जब इमाम तकबीर पढेर रूकूअमा जान्छ तब सबै अनुयायीहरू पनि तकबीर पढेर रूकूअमा जाऊन। जब इमामले “समीअल्लाहु लिमन हमिदहु” पढेर रुकूअबाट खडा हुन्छ तब अनुयायीहरू पनि रुकूअबाट खडा होऊन र “रब्बना लकल हम्दु हम्दन कसीरन तैयबन मुबारकन फीहे” पढून। जब इमाम “अल्लाहु अकबर” पढेर सजदा (साष्टांग दण्डवत) मा जान्छ तब

अनुयायीहरू पनि “अल्लाहु अकबर” पढेर सजदामा जाऊन। र “सुब्हान रब्बियल आला” पढून। जब इमाम “अल्लाहु अकबर” पढेर सज्दाबाट उठेर खडा हुन्छ तब अनुयायीहरू पनि “अल्लाहु अकबर” भनेर सज्दाबाट उठेर खडा होऊन। जब काअदा (बस्नु) हुन्छ तब पनि काअदाका दुआहरू पढून। जब दोस्रोपटक इमाम “अल्लाहु अकबर” भनेर सज्दामा जान्छ तब अनुयायीहरू पनि अल्लाहु अकबर भनेर सज्दामा जाऊन। र तिनीहरूले “सुब्हान रब्बियल आला” पढून। यसैगरी दोस्रो रिकअत पढून। इमामले जुन क्रिया गर्छ अनुयायीहरू पनि त्यही क्रिया त्यसैप्रकार गर्दैजाऊन। जब दोस्रो रिकअतमा इमाम सज्दापछि “अल्लाहु अकबर” पढेर बस्छ तब अनुयायीहरू पनि बसून। तथा अत्तहियात, तशहुद, दरूद र नियमित र प्रचलित दुआहरू पढून। यिनीहरूबाहेक अरू पनि कुनै दुआ गर्नचाहेमा गर्न सक्नेछन। जब इमामले सलाम फेर्नेछ तब अनुयायीहरूले पनि सलाम फेरून। यदि नमाज़को बीचमा कहीं भूलभएमा इमामले सज्दा सहू (भूलका कारण सज्दा) गर्छ तब अनुयायीहरूले पनि सज्दा सहू गरून। यदि इमामले सज्दा सहू नगरेमा अनुयायीहरूले पनि सज्दा सहू गर्नु पर्नेछैन। यदि कोही व्यक्ति नमाज़मा ढिलोआएर सामेल हुन्छभने जब इमामले

सलामफेर्छ(अस्सलाम अलैकुम भन्छ) तब त्यो व्यक्ति खडा हवोस र आफ्ना छुटेका रिकअतहरू पूरा गरोस। यदि कुनै रिकअतको रुकूअमा आएर नमाज़मा सामेल भएकोरहेमा त्यसको त्यो रिकअत पूरा मानिनेछ।

## इमामका सम्बन्धमा जरूरी आदेशहरू

अनुयायीहरूले आफ्ना निम्ति एकजना यस्तो इमाम (अगुवा) लाई नियुक्त गरून जो तिनीहरू सबैभन्दा अधिक शरीअत (धर्मविधान) को ज्ञाता होस। यदि ज्ञानको आधारमा सबै बराबर रहेमा जो सबैभन्दा उत्तमरूपमा पवित्र कुरआन पढ्न जान्दछ त्यसलाई आफ्नो इमाम बनाउन। तथा यदि सबै कुरआन पाठमा पनि एकसमान रहेमा जो सर्वाधिक संयमी रहेको छ त्यसलाई आफ्नो इमाम बनाउन र यदि सबै एकसमान संयमी रहेमा जो सबैभन्दा अधिक आयुको व्यक्ति रहेको छ त्यसलाई आफ्नो इमाम बनाउन।

इमामले ज़ोहर र अस्रको समस्त नमाज़ र मग़रिबको तेस्रो रिकअतमा तथा ईशामा अन्तिम दुईवटा रिकअतहरूमा सबैकुरो निम्न स्वरमा (मनैमनमा) पढोस। परन्तु प्रातःकालको फर्ज़ र मग़रिबका पहिला दुईवटा रिकअतहरू र ईशामा पनि पहिला दुईवटा रिकअतहरूमा इमामले उच्चस्वरमा पढोस। ईदुल्फितर र ईदुज़्ज़ुहा तथा

सलातुल इस्तिस्क़ा (वर्षाका लागि नमाज़) मा पनि इमामले उच्च स्वरमा पढोस। जब इमामले उच्चस्वरमा पढ्छ तब अनुयायीहरूले त्यसलाई सुनून। परन्तु अनुयायीहरूले सूरः फातिहा भने अवश्य निम्नस्वरमा पढून।

इमामले नमाज़ लामो नपढाओस किनभने उसका पछाडि बालकहरू, वृद्धहरू र दुर्बल तथा दिसा पिसाब थाम्ननसक्ने व्यक्तिहरू पनि नमाज़ पढिहरेका हुन्छन।

यदि अनुयायी केवल एउटा रहेमा इमाम बायाँतर्फ खडा होस जब कोही दोस्रो अनुयायी आएर सामेलभएमा इमाम अगाडिबढेर खडा हवोस।

जब इमामले नमाज़का बीचमा केही भुल्नगएमा अनुयायीहरूले "सुब्हानल्लाह" भनून र यदि पवित्र कुरआनबाट इमामले केही भुलेमा त्यही आयत जहाँबाट इमामले भुल्छ त्यसलाई बताउन। महिलाहरूले आपसमा जमाअत गर्न सक्छन परन्तु नमाज़ पढाउने महिला अन्य महिलाहारूका बीचमा नै खडा हवोस।

यदि कुनै इमामलाई मानिसहरूले मन नपर्याएमा त्यो व्यक्ति तिनीहरूको इमाम नबनोस।

## अप्रिय नमाज़

नाङ्गोशिर नमाज़ पढ्नु, नमाज़मा दायाँ–बायाँ अथवा माथितर्फ हेर्नु, बित्थामा खोक्नु, दिसा–पिसाब रोकेर नमाज़ पढ्नु जसबाट ध्यान कायम रहँदैन, नमाज़का बीचमा हाई गर्नु अथवा आङ्ग तन्काउनु, यदि निधारमा माटो लागेमा त्यसलाई सफागर्नु, वस्त्रलाई माटो–धुलोबाट बचाउनका लागि यताउता तान्नु अथवा उठाउनु, निधारका छेडछाउबाट बिनाकारण धुलो–माटो हटाउनु, नमाज़मा औंलाहरू पड्काउनु, सज्दा (दण्डवत)को अवस्थामा दुवैवटा नारीहरू भुइँमा ओच्छयाउनु, अथवा फिलोलाई पेटमा जोडनु इत्यादि क्रियाहरू गरेमा नमाज़ मक्रूह (अप्रिय)हुनेछ। सज्दा र रूकूअ इमामभन्दा पहिला गर्ने अनुयायी मूर्ख हो। त्यस्तो व्यक्तिलाई गधा पनि भनिएको छ।

## वितर (बेजोड)

वितरको नमाज़मा तीनवटा रिकअत छन। तिनलाई चाहे एकसाथ पढियोस अथवा दुई रिकअत पढेर सलाम फेरी तेस्रो रिकअत अलग पढियोस। वितरको तेस्रो रिकअतमा रुकूअ गर्नुभन्दा पहिला अथवा रूकूअ गरिसकेपछि सीधा खडा भएर निम्नको दुआ कनूत पढोसः–

اَللّٰهُمَّ اِنَّا نَسْتَعِيْنُكَ وَنَسْتَغْفِرُكَ وَنُؤْمِنُ بِكَ وَنَتَوَكَّلُ عَلَيْكَ وَنُثْنِيْ عَلَيْكَ
الْخَيْرَ وَنَشْكُرُكَ وَلَا نَكْفُرُكَ وَنَخْلَعُ وَنَتْرُكُ مَنْ يَّفْجُرُكَ۔ اَللّٰهُمَّ اِيَّاكَ نَعْبُدُ وَلَكَ
نُصَلِّيْ وَنَسْجُدُ وَاِلَيْكَ نَسْعٰى وَنَحْفِدُ وَنَرْجُوْ رَحْمَتَكَ وَنَخْشٰى عَذَابَكَ اِنَّ عَذَابَكَ
بِالْكُفَّارِ مُلْحِقٌ.

अर्थातः– "हे अल्लाह! हामी तिमीसित सहायता माग्छौं र हामी तिमीसित क्षमा

मागछौं र तिमीप्रति इमान(विश्वास) स्थापना गर्छौं र तिमीमाथि हामी भरोसा राख्छौं तथा हामी तिम्रो सर्वोत्तम प्रशंसा गर्छौं। तथा हामी तिम्रो कृतज्ञता प्रकट गर्छौं र हामी तिम्रा कृतघ्न बन्नेछैनौं। जसले तिम्रो अवज्ञा गर्छ त्यसबाट हामी अलग्ग हुन्छौं र त्यसलाई त्याग्छौं। हे अल्लाह! हामी केवल तिम्रो विशुद्ध उपासना गर्छौं र तिमीतर्फ नै दगुर्छौं र तिम्रा सामुन्ने खडा रहन्छौं तथा तिम्रो कृपाको आशा राख्छौं र तिम्रो दण्डबाट डराउँछौं। निस्सन्देह तिम्रो दण्ड अविश्वासीहरूले भोग्नेछन।"

दोस्रो दुआ कनूतः–

اَللّٰهُمَّ اهْدِنِيْ فِيْمَنْ هَدَيْتَ وَعَافِنِيْ فِيْمَنْ عَافَيْتَ وَتَوَلَّنِيْ فِيْمَنْ تَوَلَّيْتَ وَبَارِكْ
لِيْ فِيْمَا اَعْطَيْتَ وَقِنِيْ شَرَّ مَا قَضَيْتَ فَاِنَّكَ تَقْضِيْ وَلَا يُقْضٰى عَلَيْكَ فَاِنَّهٗ لَا يَذِلُّ
مَنْ وَّالَيْتَ وَاِنَّهٗ لَا يَعِزُّ مَنْ عَادَيْتَ تَبَارَكْتَ رَبَّنَا وَتَعَالَيْتَ وَصَلَّى اللّٰهُ عَلٰى خَيْرِ
خَلْقِهٖ مُحَمَّدٍ وَّاٰلِهٖ وَاَصْحَابِهٖ اَجْمَعِيْنَ۔

अनुवादः– “हे अल्लाह! मलाई त्यससित सन्मार्ग देखाउ जसलाई तिमोले सन्मार्ग प्रदर्शन गरेका छौ र मलाई त्यसका साथ कुशलता प्रदान गर जसलाई तिमीले कुशलता प्रदान गरेका छौ। र जसलाई तिमीले मित्र बनाएका छौ त्यसित मेरो मित्रता स्थापित गर। तथा तिमीले जे जति दिएका छौ त्यसमा मलाई बरकत (सह) प्रदान गर र मलाई त्यसको कुपरिणामबाट बचाउ जसको तिमीले निर्णय लिएका छौ किनभने निर्णय तिमी गर्छौ र तिमीविरूद्ध निर्णय हुनसक्दैन। निस्सन्देह त्यो (व्यक्ति) अपमानित हुदैन जसका तिमी मित्र रहेका छौ र जसलाई तिमीले मन पर्याउँदैनौ त्यसले सम्मान प्राप्त गर्नसक्दैन। हे हाम्रा प्रभु! तिमी परम कल्याणकारी र परम प्रतिष्ठावान रहेका छौ। तथा आफ्ना सर्वश्रेष्ठ सृष्टि मुहम्मद(सल्लल्लाहु अलैहि व सल्लम) माथि कृपावर्षण गर। यसैगरी उहाँका वशंज र उहाँका सहचरहरूमाथि पनि।”

वितर (को नमाज़) पढने समय ईशापछि देखिलिएर प्रातःकालसम्म रहेको छ। यदि कोही व्यक्ति तहज्जुदको नमाज़का लागि प्रातःजाग्नसकेमा त्यसले

रात्रिको अन्तिमभागमा नै पढोस। परन्तु यदि जाग्न सक्दैन भने ईशा (को नमाज़) पछि नै पढ्नु बेस हुनेछ।

## सज्दा सहु (भूलको सज्दा)

यदि नमाज़मा भूलवशः कुनै रुकन (अंग)छुट्न गएमा पहिला त्यस रुकनलाई पूरा गरी पुनः सज्दा सहु गरियोस। अथवा त्यसलाई मैले कति रिकअत पढेँ भन्ने सन्देह रहेमा सज्दा सहु गर्नु अनिवार्य हुनेछ। रिकअतहरूको आधार विश्वासमाथि राखोस। सज्दा सहु गर्ने विधिः- पहिला दायाँतर्फ सलाम फेरोस र दुईवटा सज्दा गरोस त्यसपछि दुवैतर्फ सलाम फेरोस। यदि कम रिकअत अथवा अधिक भएको सन्देह रहेमा पहिला त्यस सन्देहको निवारण गरोस (अर्थात आफ्नो स्मरणानुसार नै पूरा गरोस) पुनः सज्दा सहु गरोस।

## नमाज़ कज़ा (छुटेको नमाज़)

यदि कुनै नमाज़ कुनै उचित कारमवशः अथवा भूलवशः छुट्न गएमा जस्तैः- मानिस सुतेको भएमा र त्यसको निद्रा नखुलेमा अथवा नमाज़ पढ्न भुलेमा त्यो नमाज़ खेर जादैन अपितु जब स्मरण हुन्छ अथवा निद्राबाट जाग्छ तब त्यो नमाज़ पढोस।त्यस नमाज़को

त्यही समय हो। यदि पाँचैवटा नमाज़हरू छुटेका रहेमा तिनलाई क्रमवद्धरूपमा पढ्नु उत्तम हुनेछ।

## नमाज़ तहज्जुद (उषाकालको नमाज़)

ईशाको नमाज़पछि सुतेर प्रातःहुनुभन्दा पहिला उठेर नमाज़ पढनुको नाम तहज्जुद हो। नमाज़ तहज्जुदमा धेरैवटा लाभहरू र कल्याणहरू रहेका छन भन्ने कुरो पवित्र कुरआन र हदीसहरूबाट प्रमाणित छ। नमाज़ तहज्जुदका अधिकतर दुआहरू (याचनाहरू) स्वीकार हुन्छन। रात्रिको अन्तिम भागमा अल्लाह तआला निकटको आकाशमा उत्रिन्छनर भन्छनः– "के मेरो कोही भक्त छ जसले मसित मागोस र म उसलाई दिउँ?"

आबिद (भक्तजन) हरूले त्यससमय आफ्ना प्रभुलाई स्मरण गर्छन सुस्तहरू सुतिरहन्छन। अल्लाह तआलाका प्रिय भक्तहरू त्यससमय उठ्छन र उनीसित क्षमायाचना गर्छन। हज़रत मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) सँधै तहज्जुदको नमाज़ पढ्ने गर्नुहुन्थ्यो र आफ्ना परिवारलाई समेत नमाज़ तहज्जुदका लागि उठाउने गर्नुहुन्थ्यो।

यसका आठ रिकअत मस्नून (प्रचलित)छन। राति निद्राबाट जागेपछि प्रातःकालको नमाज़भन्दा पहिलासम्मको

समय रहेको छ। दुई दुई रिकअत गरी पढ़नु उत्तम रहन्छ। तीनबटा वितर (को नमाज़) लाई आठ रिकअत (तहज्जुद) पछि पढ्नु मसनून रहेको छ।

## नमाज़ इश्राक़ र ज़ुहा (बिहानीपखको नमाज़)

जब सूर्योदय हुन्छ र भाला अथवा दुई भाला बराबर माथि चढ्छ त्यससमय इश्राकको नमाज़ पढिन्छ। यस नमाज़मा पनि धेरै पुण्यहरू र भलाइहरू रहेका छन। यो नमाज़ दुईवटा रिकअतहरूबाट लिएर बारह रिकअतसम्म पढ्न सकिन्छ। जुन नमाज़ नौ दस बजे पख पढिन्छ त्यसको नाम ज़ुहाको नमाज़ हो। यसमा दुई रिकअत देखि लिएर आठ रिकअतसम्म नमाज़ पढ्न सकिन्छ।

## नमाज़ कस्र (छोटो नमाज़)

इस्लाममा जहाँ अन्य धेरै सुविधाहरू दिइएका छन एउटा के पनि सुविधा रहेको छ भने यदि मानिस यात्रावस्थामा रहेको भएमा नमाज़ छोट्याउन सक्छ। त्यही कम गर्ने प्रक्रियालाई नमाज़ कस्र भनिन्छ।

यदि ज़ोहर, अस्र र ईशाको नमाज़ कस्र गर्ने हो भने त्यससमय तिनको केवल दुई दुई रिकअत फर्ज़ मात्र पढिनेछ। मग़रिब र प्रातःकालको नमाज़ कस्र हुदैन। कस्र नमाज़मा सबै सुन्नतहरू माफ हुनजान्छन। परन्तु

प्रातःकालको नमाज़का दुईवटा सुन्नतहरू र वितर भने माफ हुदैनन।

जब कोही मानिस यात्रा गर्छ तब त्यसले कस्र नमाज़ पढोस किनभने पथिकका लागि नमाज़ कस्र नै निश्चित छ। तथा यो अल्लाह तआलाका तर्फबाट अवकाश (छूट) रहेको छ जुन उनले आफ्ना भक्तहरूलाई प्रदान गरेका हुन। त्यसकारण यसलाई प्रसन्नतापूर्वक स्वीकार्नु उचित हुनेछ। यदि कुनै स्थानमा 19 दिन भन्दा अधिक समयसम्म ठहरने इच्छा रहेमा नमाज़ पूरा पढ्नु पर्नेछ अन्यथा कस्र गर्नु उचित हुन्छ। यदि कोही व्यक्ति सदा यात्रामै रहन्छ भने त्यसका लागि कस्र छैन।

जब मानिस शहरबाट प्रस्थान गर्छ तब कस्र आरम्भ गरोस जब शहरमा प्रवेश गर्छ तब पूरा नमाज़ पढोस।

## जुम्आ (शुक्रवारको नमाज़)

जुम्आको दिन एउटा महान इस्लामी त्योहार हो। पवित्र कुरआनले विशेष गरी यस दिनलाई अवकाशको दिन घोषित गरेको छ र यसबारेमा पवित्र कुरआनमा एउटा सूरः (परिच्छेद) पनि पाइन्छ। त्यस सूरःको नाम सूरतुल जुम्अः हो। र त्यसमा जब जुम्आको आज़ान

दिइन्छ तब तिमीहरू सबै सांसारिक कार्यहरू त्याग र मस्जिदमा एकत्रित होऊ तथा जुम्आको नमाज़ त्यसका सबै शर्तहरूका साथ अनुष्ठान गर भन्ने आदेश छ। जो व्यक्ति जानी–बुझीकन जुम्आको नमाज़ त्याग्छ त्यो घोर पापी हो भनिएको छ। पवित्र कुरआनमा जुम्आको नमाज़ पढ्न र खुत्बा (प्रवचन) सुन्नप्रति जति जोड दिइएको छ त्यति जोड ईदको नमाज़ पढ्नबारे दिइएको छैन।

जुम्आका दिन बिहानीको नमाज़मा पहिलो रिकअतमा "अस्सदजा"र दोस्रो रिकअतमा सूरः अद्दहर पढ्ने हज़रत मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको नियम थियो।

बीमार,यात्रु,महिला,बालक,अन्धो,दास, र कैदीबाहेक सबैका लागि जुम्आ को नमाज़ फर्ज़ (अनिवार्य) रहेको छ। यदि यिनीहरूले पनि जुम्आको नमाज़ पढेमा तिनलाई पुण्य प्राप्त हुनेछ।

जुन समयमा जुम्आको आज़ान हुन्छ त्यही समयमा सबै कोरोबार र कामहरू छाडेर जुम्आका लागि जामे मस्जिद जानु प्रत्येक मुसलमानकालागिअनिवार्य रहेको छ। मस्जिदमा प्रवेश गरी जहाँ खालीठाउँ पाइन्छ त्यहीँ बसोस। मानिसहरूका काँध फलाङ्दै अघि नबढोस। आफ्नो ठाउँमा पुगेर दुई चार रिकअत सुन्नत पढोस र दुआ तथा

इस्तग़फार (प्रायश्चित्त) मा व्यस्त रहोस। व्यर्थ कुराहरू नगरोस। जब इमामले खुत्बा (प्रवचन) आरम्भ गर्छ तब ध्यानपूर्वक र मौनपूर्वक खुत्बा सुनोस। खुत्बामा बोल्ने व्यक्तिलाई जुम्आको पुण्य प्राप्त हुदैन।

जुम्आको नमाज़का दुईवटा फर्ज़ रहेका छन। यिनमा उच्च स्वरमा पवित्र कुरआन (को केही अंश) पढिन्छ। सूरः आला र ग़ाशिया अथवा सूरः जुम्अः र मुनाफिक़ून पढ्नु सुन्नत (प्रचलन) रहेको छ। तथा फर्ज़ नमाज़पछि दुईवटा अथवा चारवटा सुन्नत पढ्नु पर्नेछ।

जुम्आको नमाज़को समय पनि त्यही हो जुन ज़ोहरको नमाज़को समय रहेको छ। परन्तु जुम्आको नमाज़का लागि सूर्य ढल्नु शर्त राखिएको छैन। जुम्आका लागि स्नान गर्नु अनिवार्य रहेको छ। यसैगरी राम्रा र सफा कपडा लगाउनु र सुगन्ध मलेर आउनु सुन्नत रहेको छ। यदि कुनै ठाउँमा तीनजना मानिसहरू रहेमा तिनीहरूले अवश्य जुम्आको नमाज़ पढून। यदि कोही व्यक्ति ढिलो गरी आएमा र त्यसलाई इमामका पछि जुम्आको नमाज़को एउटा रिकअत मिलेमा त्यसको जुम्आ मानिनेछ। अन्यथा त्यसले ( यदि दुवै रिकअत नमिलेमा)ज़ोहरको नमाज़ पढोस।

## खुत्बा जुम्अः (जुम्आको प्रवचन)

اَشْهَدُ اَنْ لَّا اِلٰهَ اَلِّا اللهُ وَ اَشْهَدُ اَنَّ مُحَمَّدًا عَبْدُهٗ وَرَسُوْلُهٗ۔ اَمَّا بَعْدُ۔ فَاَعُوْذُ بِاللهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ۔ بِسْمِ اللهِ الرَّحْمٰنِ الرَّحِيْمِ۔

अनुवादः–"अल्लाहबाहेक अन्य कोही उपास्य छैन र मुहम्मद उनका भक्त र उनका रसूल (सन्देशवाहक) हुनुहुन्छ भनी म साक्षी दिन्छु। यसपछि म तिरस्कृत सैतानबाट अल्लाहको शरण चाहन्छु।"

अल्लाहको नामका साथ जो अत्यन्त कृपालु, परम दयालु रहेका छन। ययपश्चात आवश्यकतानुसार खुत्बा (प्रवचन) पढोस जसमा मानिसहरूलाई महत्वपूर्ण कुराहरूतर्फ ध्यान दिलाओस। पुनः एका आधा मिनेट बसेर खडा भएर दोस्रो खुत्बा निम्नानुसार पढोस।

اَلْحَمْدُ لِلّٰهِ نَحْمَدُهٗ وَنَسْتَعِيْنُهٗ وَنَسْتَغْفِرُهٗ وَنُؤْمِنُ بِهٖ وَنَتَوَكَّلُ عَلَيْهِ وَنَعُوْذُ بِاللهِ مِنْ شُرُوْرِ اَنْفُسِنَا وَمِنْ سَيِّئَاتِ اَعْمَالِنَا مَنْ يَّهْدِهِ اللهُ فَلَا مُضِلَّ لَهٗ وَمَنْ يُّضْلِلْهُ فَلَا هَادِىَ لَهٗ۔ وَنَشْهَدُ اَنْ لَّا اِلٰهَ اِلَّا اللهُ وَنَشْهَدُ اَنَّ مُحَمَّدًا عَبْدُهٗ وَرَسُوْلُهٗ۔ عِبَادَ اللهِ رَحِمَكُمُ اللهُ۔ اِنَّ اللهَ يَأْمُرُ بِالْعَدْلِ وَالْاِحْسَانِ وَاِيْتَاءِ ذِى الْقُرْبٰى وَيَنْهٰى عَنِ الْفَحْشَاءِ وَالْمُنْكَرِ وَالْبَغْىِ يَعِظُكُمْ لَعَلَّكُمْ تَذَكَّرُوْنَ۔ اُذْكُرُوا اللهَ يَذْكُرْكُمْ وَادْعُوْهُ يَسْتَجِبْ لَكُمْ وَلَذِكْرُ اللهِ اَكْبَرُ۔

अनुवादः- समस्त प्रशंसाहरू अल्लाहका निम्तिहुन। हामी सबै उनको प्रशंसा गर्छौं र उनीबाटै सहयोग माग्छौं र उनीसितै क्षमा माग्छौं र उनीप्रति इमान (विश्वास) ल्याउँछौं र उनीमाथि नै भरोसा राख्छौं। तथा आफ्ना मानसिक दुष्टयाइँ र आफ्ना कार्यहरूका दुष्परिणामहरूबाट अल्लाहको शरण चाहन्छौं। अल्लाहले जसलाई सन्मार्ग देखाउँछन त्यसलाई कसैले पथभ्रष्ट गर्न सक्दैन र जसलाई अल्लाहले पथभ्रष्ट ठहर्याउँछन त्यसलाई कसैले सन्मार्ग प्रदर्शन गर्न सक्दैन। तथा अल्लाह एक हुन र उनको कोही भागेदार छैन र उनीबाहेक कोही उपास्य छैन भनी हामी साक्षी दिन्छौं र मुहम्मद उनका भक्त र उनका रसूल हुनुहुन्छ भनी हामी साक्षी दिन्छौं। हे अल्लाहका भक्तहरूहो !तिमीहरूमाथि अल्लाहले दया गरून। निस्सन्देह अल्लाहले पुण्य गर्ने, आफन्ताहरूलाई दान गर्ने आदेश दिन्छन र खुल्लम-खुल्ला दुष्कर्महरू,अनुचित कुराहरू र विद्रोहबाट रोक्छन। तथा तिमीहरूले स्मरण राख्नेछौभनी उनी तिमीहरूलाई उपदेश दिन्छन। अल्लाहको स्मरण गर।उनले पनि तिमीहरुको ध्यान राख्नेछन र उनलाई नै पुकार उनले तिमीहरूलाई जवाफ दिनेछन। तथा अल्लाहको स्मरण नै सबै भन्दा ठूलो कुरो हो।

## दुईवटा ईदहरू

मुसलमानहरूका लागि प्रत्येक वर्ष दुईवटा ईदहरू (त्योहारहरू) आउँछन। एउटा रमज़ानपछि शवालको पहिलो तारीख जसलाई इदुल फितर भन्छन। र दोस्रो ईद ज़ूलहिज्जाको 10 तारीखका दिन हुन्छ जसलाई ईदुल ज़ुहा (बलिदानको ईद) भन्छन। प्रत्येक मुसलमान पुरूष र महिलाप्रति ईदको नमाज़ पढ्नु सुन्नत (हज़रत महम्मद (सल्लम) ले पालन गरेको नियम) हो। ईदको नमाज़को समय बिहान भाला बराबर चढ्दो सूर्य (पहिलो पख) देखि लिएर सूर्य ढल्नलाग्दासम्म रहेको छ। जहाँसम्म सम्भव हुन्छ ईदको नमाज़ चाँडो पढ्नु उत्तम हो। ईदका दिन स्नान गर्नु,सफा र राम्रा कपडा लगाउनु र सुगन्ध इत्यादि मल्नु सुन्नत (नियम) रहेको छ। ईदुल फितरमा नमाजभन्दा पहिला केही खाएर जानु पनि सुन्नत रहेको छ। ईदको नमाज़ पढ्न जाँदा जुनबाटो जाइन्छ फर्कँदा भने त्यसलाई छाडि कुनै अर्को मार्गबाट आउनु सुन्नत हो। ईदुल फितरको नमाज़भन्दा पहिला सद्का फितर (फितरको दान) दिनु अनिवार्य रहेको छ। तथा ईदुल अज़हाको नमाज़पछि जो व्यक्ति बलिदान (कुर्बानी) दिने क्षमता राख्छ त्यसले कुर्बानी (बलिदान) गरोस। यदि नमाज़भन्दा पहिला बलिदान गरिएमा त्यो बलिदान मानिदैन । दुवैवटा

ईदहरूमा अज़ान र इकामत भन्नु मनाही छ।दुवैवटा ईदमा खुत्बा (प्रवचन) नमाज़पछि दिइन्छ। त्यसमा इमामले सद्का फितर (दान),कुर्बानी(बलिदान) र तशरीक़का तकवीरहरूबारे उपदेश दिन्छ। यो खुत्बा अवश्य सुन्नुपर्नेछ। दुवैवटा ईदहरू शहरबाट बाहिर अथवा कुनै खुल्ला ठाँउमा पढ्नु उत्तम हुन्छ। आवश्यक परेमा(वर्षा अथवा आँधि आएमा अथवा यथोचित ठाउँ नपाइएमा) मस्जिदमा पनि पढ्न सकिन्छ। नमाज़ ईदका दुईवटा रिकअतहरू हुन्छन। ईदको नमाज़भन्दा पहिला अथवा पछि सुन्नत अथवा नफल पढ्नु मनाही छ। ईदको नमाज़मा पहिलो रिकअतमा पहिला सातवटा तकवीरहरू (अल्लाहु अकबर) उच्चस्वरमा पढिन्छ र दोस्रो रिकअतमा पहिलापाँचवटा तकवीरहरू उच्चस्वरमा पढिन्छ।

ईदको नमाज़मा सूरः क़ाफ र सूरः अलक़ अथवा सूरः आला र ग़ाशिया अथवा सूरः जुमअः र मुनाफिकून पढ्नु सुन्नत रहेको छ। यदि बेलुकीपख बादल रहेकोले चन्द्रमा नदेखिएमा र मानिसहरूलाई दोस्रोदिन मध्याह्नपछि हिजो चन्द्रमा निस्किएको थियो भन्ने थाहालागेमा (ईदुल फितरको अवसरमा) सूर्य ढल्नलागेमा ईदको नमाज़ पढिनेछैन अपितु दोस्रोदिन बिहान पढिनेछ। परन्तु यदि कोही यस्तो अडचन आइलागेमा जसले गर्दा दोस्रोदिन

पनि ईदको नमाज़ पढ्न नसकिएमा ईदको नमाज़ पढिनेछैन। परन्तु यदि ईदुल अज़हामा यस्तो अवसर आइलागेमा 12 तारीखसम्म ईदको नमाज़ पढ्न सकिनेछ।

तशरीकक़ा तकवीरहरू ती तकवीरहरू हुन जुन अरफा (9) तारीखको बिहानीको नमाज़ देखि लिएर 12 तारीखको अस्रको नमाज़सम्म प्रत्येक नमाज़पछि उच्चस्वरमा पढिन्छ। तशरीक़ को तकवीर निम्न रहेको छ।

اَللهُ اَكْبَرُ اَللهُ اَكْبَرُ ـ لَا اِلٰهَ اِلَّا اللهُ ـ وَاللهُ اَكْبَرُ اَللهُ اَكْبَرُ ـ وَلِلّٰهِ الْحَمْدُ ـ

अर्थात–अल्लाह सबैभन्दा महान हुन, अल्लाह सबैभन्दा महान हुन, अल्लाहबाहेक कोही उपास्य छैन, तथा अल्लाह सबैभन्दा महान हुन, अल्लाह सबैभन्दा महान हुन तथा समस्त प्रशंसा अल्लाहकै लागि हो।

## नमाज़ कुसूफ र ख़ुसूफ (चन्द्रग्रहण र सूर्यग्रहणको नमाज़)

यो नमाज़ चन्द्र अथवा सूर्यग्रहणको अवसरमा पढिन्छ। यस नमाज़को अज़ान र इक़ामत हुदैन। मानिसहरूले जुनसमय ग्रहण लाग्छ मस्जिदमा एकत्रित भइ इमामका पछि नमाज़ पढून।

यस नमाज़का दुईवटा रिकअत हुन्छन। प्रत्येक रिकअतमा दुईवटा रूकूअ हुन्छन र उच्चस्वरमा इमामले पाठ गर्नेछ र यो नमाज़ अन्य नमाज़रूभन्दा लामो हुन्छ। जबसम्म ग्रहण सकिदैन तबसम्म नमाज़ पढ्नु उचित रहन्छ। अधिक भन्दा अधिक दुआ (प्रार्थना) गर्नु उचित हुन्छ। यदि इमाम नरहेमा एक्ला एक्लै पनि यो नमाज़ पढ्नु उचित हुनेछ।

## नमाज़ इस्तख़ारा (मंगलकामनाको नमाज़)

जब मानिसले कोही विशेष कार्य गर्ने इच्छा गर्छ तब त्यसले इस्तख़ाराको नमाज़ पढोस। (इस्तख़ारा गर्नु सुन्नत हो) तथा अल्लाह तआलाबाट भलाइ र मंगल चाहोस। अल्लाह तआलाले त्यसलाई लाभदायक मार्गको सूचना दिनेछन। अल्लाहले सूचित नगर्न पनि सक्छन। कहिलेकाहिँ भने स्वप्न अथवा दिव्यदर्शन इत्यादिद्वारा सूचना मिल्नसक्छ। परन्तु अल्लाह तआलाले उसको मनलाई त्यसतर्फ फेरिदिनेछन जुन उसकानिम्ति उत्तम रहेको छ।

नमाज़ इस्तख़ाराको विधि के हो भने मानिसले ईशाको नमाज़पछि दुई रिकअत नमाज़ पढोस र इस्तख़ाराको दुआ पढेर सुतोस। दुआ निम्नानुसार रहेको छः-

اَللّٰهُمَّ اِنِّیْ اَسْتَخِیْرُكَ بِعِلْمِكَ وَاَسْتَقْدِرُكَ بِقُدْرَتِكَ وَاَسْئَلُكَ مِنْ فَضْلِكَ الْعَظِیْمِ ط
فَاِنَّكَ تَقْدِرُ وَلَا اَقْدِرُ وَتَعْلَمُ وَلَا اَعْلَمُ وَاَنْتَ عَلَّامُ الْغُیُوْبِ o. اَللّٰهُمَّ اِنْ كُنْتَ تَعْلَمُ
اَنَّ هٰذَا الْاَمْرَ خَیْرٌلِّیْ فِیْ دِیْنِیْ وَمَعَاشِیْ وَعَاقِبَةِ اَمْرِیْ فَاقْدِرْهُ لِیْ وَیَسِّرْهُ لِیْ ثُمَّ بَارِكْ لِیْ فِیْهِ
وَاِنْ كُنْتَ تَعْلَمُ اَنَّ هٰذَا الْاَمْرَ شَرٌّ لِّیْ فِیْ دِیْنِیْ وَمَعَاشِیْ وَعَاقِبَةِ اَمْرِیْ فَاَصْرِفْهُ عَنِّیْ
وَاَصْرِفْنِیْ عَنْهُ وَاقْدِرْ لِیَ الْخَیْرَ حَیْثُ كَانَ ثُمَّ اَرْضِنِیْ بِهٖ۔

अनुवादः– हे अल्लाह!म तिम्रो ज्ञानद्धारा भलाइ माग्छु र तिम्रोशक्तिद्धारा शक्ति चाहन्छु र तिम्रो महान कृपाबाट माग्छु। निस्सन्देह निमी क्षमताशील रहेका छौ र ममा केही क्षमता छैन। तिमीजान्दछौ तर म जान्दिन। तिमी नै अदृश्यज्ञाता रहेका छौ। हे अल्लाह! यदि यो कार्य मेरा लागि,मेरो धर्म र मेरो संसारमा परिणामको आधारमा उत्तम रहेको छ भन्ने तिमीलाई ज्ञात रहेमा, मेरो लागि यसलाई निश्चित गर र मेरानिम्ति यसलाई सरल तुल्याउ। र मेरानिम्ति यसमा बरकत (मंगल) देउ। र यदि यो कार्य मेरानिम्ति, मेरो धर्म र मेरो संसारमा र परिणामको आधारमा नराम्रो र अमंगल रहेको छ भन्ने तिमीलाई ज्ञात रहेमा मबाट यसलाई फेरिदेउ र मलाई यसबाट हटाउ र मेरा लागि जहाँ भलाइ छ उपलब्ध गर र त्यसप्रति मलाई सन्तुष्टि प्रदान गर।

## नमाज़ इस्तिस्क़ा (वृष्टिका लागि नमाज़)

यदि पानीको अत्यधिक खाँचो रहेको समयमा वृष्टि नपरेमा मानिसहरू शहरबाट बाहिर खुल्ला मैदानमा एकत्रित भएर इमामले तिनीहरूलाई दुई रिकअत नमाज़ उच्च स्वरमा पढाओस र त्यसपछि खुत्वा (प्रवचन) पढोस। त्यसपछि आफ्नो च्यादर उल्टाओस र किब्लातर्फ मुख गरी सबैजनाले दुआ गरून र विनम्रतापूर्वक प्रायश्चित गरून किनभने जुन पापका कारण पानी परेन त्यो पाप मेटियोस र अल्लाह तआलाको कृपादृष्टि होस।

## नमाज़े ख़ौफ (भयको नमाज़)

यदि कोही शत्रुको आक्रमणको डर र खतरा रहेमा चार रिकअतको ठाउँमा फर्जका केवल दुई रिकअत नमाज़ पढ्नु जायज हुनेछ। र यदि शत्रुसित संघर्ष जारी रहेको भएमा जब (युद्ध) केही होलो हुन्छ तब एउटा समूहले शत्रुसित संघर्ष जारी राखोस र दोस्रो समूहले आएर इमामका पछि जमाअतमा एक रिकअत पढोस र पछिहटेर पहिलो समूहको ठाउँ लिओस र दोस्रो समूहले अघिबढेर एक रिकअत इमामसित पढोस र सलाम नफेरी पछि हटोस र आफ्नो रिकअत पूरा गरोस अनि पहिलो समूहको ठाउँमा खडा रहोस र त्यो पहिलो समूहले पनि इमाम बिना

नै आफ्नो छुटेको एउटा रिकअत पढोस र इमाम सितै दुवै समूहले सलाम फेरून। यदि त्यति सुविधा र फुर्सत तथा अवसर नमिलेमा जसरी भएतापनि सवारीमाथि नै अथवा हिडदा हिडदै नमाज़ पढून चाहे मुख किब्लातर्फ होस अथवा अन्य दिशातर्फ।

## नमाज़े हाजत (खाँचोको नमाज़)

यदि कसैलाई केही खाँचो परेमा त्यसले त्यो हाजतको नमाज़ पढोस र त्यो नमाज़ निम्नानुसार रहेको छः

पहिला वज़ू गरेर दुई रिकअत नमाज़ पढोस र अल्लाह तआलाको प्रशंसा गरोस त्यसपछि हज़रत महम्मद सल्लल्लाहु अलैहि व सल्लमप्रति दरूद (विशेष दुआ) पठाओस त्यसपछि हाजत (खाँचो)को दुआ पढोस जुन यसप्रकार रहेको छः–

لَآ اِلٰهَ اِلَّا اللّٰهُ الْحَلِيْمُ الْكَرِيْمُ سُبْحَانَ اللّٰهِ رَبِّ الْعَرْشِ الْعَظِيْمِ وَالْحَمْدُ لِلّٰهِ رَبِّ الْعَالَمِيْنَ اَسْأَلُكَ مُوْجِبَاتِ رَحْمَتِكَ وَعَزَائِمَ مَغْفِرَتِكَ وَالْغَنِيْمَةَ مِنْ كُلِّ بِرٍّ وَ السَّلَامَةَ مِنْ كُلِّ اِثْمٍ لَا تَدَعْ لِيْ ذَنْبًا اِلَّا غَفَرْتَهٗ وَلَا هَمًّا اِلَّا فَرَّجْتَهٗ وَلَا حَاجَةً هِيَ لَكَ رِضًا اِلَّا قَضَيْتَهَا يَا اَرْحَمَ الرَّاحِمِيْنَ.

अनुवादः– सहनशील र सम्माननीय अल्लाह बाहेक कोही उपासनायोग्य छैन । महान सिंहासनका स्वामी अल्लाह पवित्र छन। सबै प्रशंसाहरू अल्लाहका निम्ति रहेका छन जो समस्त जगतका पालनहार हुन। जुन कार्यहरूबाट तिम्रो कृपा प्राप्त हुन्छ र तिम्रो बक्सिस मिल्छ। प्रत्येक पुण्य र भलाइको दान र प्रत्येक पापबाट मुक्ति र छुटकारा मिल्ने कार्यहरू गर्ने शक्ति म तिमीबाट चाहन्छु। मेरो कुनै पाप क्षमाबिना नछाड र कुनै शोक र पीडा निवारणबिना नछाड। र कुनै यस्तो खाँचो पूरा नगरी नछाड जसमा तिम्रो प्रसन्नता मिलोस, त्यसलाई अवश्य पूरा गर हे सर्वाधिक कृपालु (अल्लाह)।

## रोगीको नमाज़

रोगी अथवा बीमार व्यक्ति यदि उभिएर नमाज़ पढ्न असमर्थ रहेमा बसिबसि नमाज़ पढोस। यदि बसेर पनि पढ्न नसकेमा ढल्किएर अथवा सुतेर साङ्केतिक रूपमा नमाज़ पढोस। अतः जसरी भएतापनि नमाज़ अवश्य पढोस।

## नमाज़ जनाज़ा (मृतको लागि नमाज़)

वज़ू गरेर जनाज़ाको नमाज़को नियत गरी “अल्लाहु अकबर” पढून। त्यसपछि “सुब्हानकल्लाहुम्मा” र पुनः सूराः फातिहा पढून। पुनः “अल्लाहु अकबर” पढेर अत्तहिय्यातमा रहेको “दरूद शरीफ” पढून। पुनः अल्लाहु अकबर पढेर निम्नका दिवैवटा अथवा एउटा दुआ पढून। दुआ यसप्रकार छः–

اَللّٰهُمَّ اغْفِرْلِحَيِّنَا وَمَيِّتِنَا وَشَاهِدِنَاوَغَائِبِنَا وَصَغِيْرِنَا وَكَبِيْرِنَا وَذَكَرِنَا وَاُنْثٰنَا۔ اَللّٰهُمَّ مَنْ اَحْيَيْتَهٗ مِنَّا فَاَحْيِهٖ عَلَى الْاِسْلَامِ۔ وَمَنْ تَوَفَّيْتَهٗ مِنَّا فَتَوَفَّهٗ عَلَى الْاِيْمَانِ۔ اَللّٰهُمَّ لَا تَحْرِمْنَا اَجْرَهٗ وَلَا تَفْتِنَّا بَعْدَهٗ۔

अनुवादः– हे अल्लाह हाम्रा जीवितहरूलाई र हाम्रा मुर्दाहरूलाई तथा हाम्रा उपस्थित रहेकाहरूलाई र हाम्रा अनुपस्थितहरूलाई तथा सानाहरूलाई र हाम्रा ठूलाहरूलाई तथा हाम्रा पुरूषहरूलाई र हाम्रा महिलाहरूलाई क्षमा गर। हे अल्लाह जसलाई तिमीले हामीमध्ये जीवित राख्छौ त्यसलाई इस्लाममाथि नै जीवित राख र हामीमध्ये जसलाई तिमीले मृत्यु प्रदान गर्छौ त्यसलाई इमान (आस्था) माथि मृत्युप्रदान गर। हे अल्लाह यसको अज्र (बदला,पुण्य) बाट हामीलाई वञ्चित नगर न हामीलीई यसपछि कुनै

“आज़माइश”(परीक्षा) मा नहाल अर्थात यसको जीवनपछि हाम्रो परीक्षा नलेउ।

## जनाज़ाको दोस्रो दुआ (प्रार्थना)

اَللّٰهُمَّ اغْفِرْ لَهٗ وَارْحَمْهُ وَعَافِهٖ وَاعْفُ عَنْهُ وَاَكْرِمْ نُزُلَهٗ وَوَسِّعْ مَدْخَلَهٗ وَاغْسِلْهُ
بِالْمَآءِ وَالثَّلْجِ وَالْبَرَدِ وَنَقِّهٖ مِنَ الْخَطَايَا كَمَا يُنَقَّى الثَّوْبُ الْاَبْيَضُ مِنَ الدَّنَسِ
وَاَبْدِلْهُ دَارًا خَيْرًا مِّنْ دَارِهٖ وَاَهْلًا خَيْرًا مِّنْ اَهْلِهٖ وَزَوْجًا خَيْرًا مِّنْ زَوْجِهٖ وَاَدْخِلْهُ
الْجَنَّةَ وَاَعِذْهُ مِنْ عَذَابِ الْقَبْرِ وَمِنْ عَذَابِ النَّارِ۔

अनुवादः- हे अल्लाह! यस (व्यक्ति) लाई क्षमा गर र यसमाथि दया गर र यसलाई आराम उपलब्ध गर र माफ गर।तथा यसलाई अत्यन्त उत्तम आतिथ्य प्रदान गर र यसको प्रवेश स्थानलाई खुल्ला गर। तथा यसलाई पानी, असिना र बर्फद्धारा स्नान गराउ तथा यसलाई पापहरूबाट पवित्र तुल्याउ जसरी सेतो कपडालाई तिमीले मैलबाट सफा तुल्याउँछौ। तथा यसलाई यसको घरभन्दा उत्तम घर बदलामा प्रदान गर र यसको परिवारभन्दा उत्तम परिवार र यसको साथीभन्दा उत्तम साथी यसलाई प्रदान गर। तथा यसलाई स्वर्गमा प्रविष्ट गर र यसलाई कब्रको अज़ाब (दण्ड) बाट बचाउ।

## नाबालिग बालकको जनाज़ा को दुआ

اَللّٰهُمَّ اجْعَلْهُ لَنَا فَرَطًا وَاجْعَلْهُ لَنَا اَجْرًا وَّاجْعَلْهُ لَنَا شَافِعًا وَّ مُشَفَّعًا۔

‘‘अल्लाहुम्माज्अल्हु लना फर्तन् वज्अल्हु लना शाफिआन मुशफ्फका’’

अर्थातः–हे अल्लाह! यसलाई हाम्रानिम्ति अग्रिम व्यवस्थापक र सिफारिसकर्ता बनाउ र यसको सिफारिस कबूल गर। यदि जनाज़ा बालिकाको रहेमा स्त्रीलिंग प्रयोग गर्नु पर्नेछ।

## हज़रत आदम अलैहिस्सलाम

अल्लाह तआलाकातर्फबाट मानवजातिको सुधार र मार्गदर्शनका निम्ति निर्वाचित पहिला नबी (पैगम्बर) हज़रत आदम हुन। अल्लाहले उनलाई जुमःको पवित्र दिनमा जन्मदान दिए। त्यसपछि उनकै स्वजाति र प्रकारबाट हज़रत हव्वालाई जन्मदान दिए। यिनीहरू दुवैबाट मानवजोतिको वर्तमान वंश चल्यो। आज धरतीमा पाइने प्रत्येक मानव हज़रत आदम अलैहिस्सलामकै सन्तान हो त्यसैलेआदमी(मनुष्य) कहलाएको हो किनभने सबै मानिस आदमसित सम्बन्धित रहेका छन।

जब अल्लाह तआलाले हज़रत आदम अलैहिस्सलामलाई जन्मदान दिए तब सबै फरिश्ताहरूलाई आदम (अलै.) को आज्ञापालन गर्ने आदेश भयो। सबै फरिश्ताहरूले आदेशपालन गरे परन्तु इब्लीस (सैतान) ले अस्वीकार गर्‍यो। त्यसले भन्यो– "म त्यो भन्दा उत्तम हुँ किनभने मेरो पैदाइस अग्निबाट भएको हो र त्यसको पैदाइस मट्टिबाट।" त्यही समयदेखि सैतान अल्लाहको दरबारबाट तिरस्कृत भयो किनभने त्यसले खुदाको आदेशको अवज्ञा गर्‍यो।

पहिला हज़रत आदम (अलै.) र हव्वा स्वर्गमा बसोवास गर्थे र सुख–शान्तिपूर्ण जीवनयापन गर्थे। खुदा तआलाले प्रत्येक प्रकारको स्वतन्त्रता तिनलाई दिएको थियो। केवल एउटा वृक्षबाट रोकेको र मनाही गरेको थियो, त्यसका निकट नजानु भन्ने आदेश थियो। परन्तु सैतानले उनलाई फुस्ल्यायो र अल्लाहले उनलाई त्यहाँबाट निष्कासित गरे। पुनः हज़रत आदम (अलै.)ले अल्लाह तआलाका शरणमा प्रायश्चित गरे तथा अल्लाह तआलाले उनको प्रायश्चित स्वीकार गरे।

सर्वप्रथम हज़रत आदम (अलै.) ले धरतीमा काबा निर्माण गरे र त्यसका कुनामा हजरे अस्वद (कालो

ढुङ्गो) राखे। हज़रत आदमको आयु 930 वर्षको थियो भन्ने भनाइ छ। अल्लाहले सर्वाधिक जान्दछन।

## <u>हज़रत मुहम्मद रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लम</u>

उहाँको जन्म अरब देशको मक्का शहरमा भयो। जब उहाँको आविर्भाव भयो संसार त्यससमय पथभ्रष्ट भएको थियो। समस्त मानिसहरूले खुदा तआला (परमेश्वर) लाई त्यागेका थिए। उहाँको आगमनभन्दा केही पहिला कोही कोही व्यक्तिहरू भने एक अद्बितीय अल्लाहको खोजतर्फ ध्यान दिन लागेका थिए। सबै मानिसहरू दुष्कर्म र कुकार्यमा व्यस्त थिर।

जब उहाँले नबी (पैगम्बर) हुने दावी गर्नु भयो तब प्रायः सबैजना उहाँका विरोधी भए। उहाँलाई प्रत्येकसमय कष्ट दिनलागे। उहाँका समर्थकहरू अतिकम थिए।मानिसहरूले उहाँलाई कष्ट दिनु पुण्य ठान्थे। कोही उहाँलाई जादूगर भन्थ्यो र कोही पागल र कोही उहाँलाई कवि भन्थ्यो। र शीघ्र नै उहाँको नाश हुनेछ भन्ने दावी गर्थे। केही व्यक्तिहरू भने व्यर्थका स्वप्नहरू देख्ने व्यक्ति हो भन्नेगर्थे र यस्तो निसन्तान व्यक्तिको व्यवस्था चाँडै समाप्त हुनेछ भन्ने दावी गर्थे। अतः जति मानिस थिए त्यतिकुराहुन्थे। परन्तु उहाँले तिनीहरूलाई उत्तर दिनुभयो, "तिमीहरूले मेरो

केही बिगार्न सक्नेछैनौ, मेरा खुदाले स्वयं मेरो सुरक्षा गर्नेछन भनी मलाई उनले भनेका छन। यदि तिमीहरूले मलाई स्वीकार गरेमा तिमीहरू यस संसारमा पनि सफल हुनेछौ र परलोकमा पनि तिमीहरूलाई सफलता र वैभव मिल्नेछ परन्तु यदि तिमीहरू पछिहटेनौ र मेरो विरोध र अस्वीकार गर्‍यौं भने यस संसारमा पनि तिमीहरू असफल र विफल हुनेछौ तथा परलोकमा पनि कठोर दुख भोग्नेछौ। तथा तिमीहरूलाई नर्कमा हालिनेछ।" यी कुराहरू सुनेर मानिसहरू हाँस्थे। वैभव परन्तु उहाँले तिनीहरूको पर्वाह नै गर्नुहुन्नथ्यो। विस्तार विस्तारै मानिसहरूले उहाँप्रति इमान (विश्वास) ल्याउन आरम्भ गरे। तिनीहरू धेरैवटा देवताहरूलाई त्यागेर एक अद्धितीय खुदाका उपासक बन्नपुगे।

महिलाहरूमा सबैभन्दा पहिला उहाँकी पत्नी हज़रत खदीजा (रज़ी) ले उहाँप्रति इमान ल्याइन तथा उहाँलाई ढाढस दिइन। यसैगरी युवकहरूमा हज़रत अबूबकर सिद्दीकले सर्वप्रथम उहाँप्रति इमान त्याए तथा बालकहरूमा सबैभन्दा पहिला हज़रत अली र दासहरूमा ज़ैद र बिलालले इमान ल्याए।

पहिला तीनवर्षसम्म गुप्तरूपमा प्रचार गरिन्थ्यो। त्यससमय कुफ्फार (अस्वीकारीहरू) को अत्यन्त जोड थियो। जब

इस्लामको विस्तार र प्रचार बढ्न लाग्यो तब मानिसहरूले उहाँको हत्या गर्ने योजना बनाउन लागे। अन्ततः उहाँले खुदा तआलाको आदेश पाएर इस्लामलाई बचाउनका लागि आफ्नो प्रिय जन्मभूमि मक्कालाई त्यागेर मदीना प्रस्थान गर्नुभयो (यसलाई हिजरत भनिन्छ)। जब उहाँ मदीना पुग्नुभयो त्यहाँपनि इस्लामको प्रचार प्रसारमा व्यस्त हुनुभयो फलतः इस्लाम तीव्रगतिले फैलन लाग्यो। अन्ततः त्यहाँ पनि इस्लामका विरोधिहरू उहाँलाई मार्न आइलागे। उहाँले विवश भएर आत्मरक्षाका लागि युद्ध गर्नुभयो र ती युद्धहरूमा अधिकतर इस्लामका शत्रुहरूलाई पराजय मिल्यो र खुदा तआलाको वचनानुसार इस्लामका मुख्य शत्रुहरू (अबूजहल, उत्बा, शैबा इत्यादि) यस संसारबाट विफल र असफल विदा भए। तथा उहाँले मक्का विजय गर्नुभयो। साथै उहाँले सबै शत्रुहरूलाई माफ गरिदिनु भयो। उहाँको जीवनकालमा नै सम्पूर्ण अरब देशका मानिसहरू मुसलमान भए। उहाँप्रति इमान ल्याउने व्यक्तिहरू पापमुक्त हुनगए र समस्त संसारका निम्ति आदर्श बन्नपुगे र यसै संसारमा कृतार्थ भए तथा तिनीहरूलाई राजशासन पनि प्राप्त भयो र सबै प्रकारका सुख सुविधाहरू यसै संसारमा नै प्राप्त भए र सबैजना परलोकमा पनि सफल भए।

उहाँका आचरणहरू अत्यन्त उच्च र उत्तम थिए। सबै सदगुणहरू उहाँमा पाइन्थे। अल्लाह तआलाले उहाँलाई प्रचुर धन सम्पत्ति प्रदान गरे परन्तु उहाँले सर्वत्र खुदा तआलाका मार्गमा खर्च गर्नुभयो। आफ्ना लागि केही राख्नुभएन। उहाँले आफ्ना लागि कुनै भवन निर्माण गराउनु भएन अपितु कच्चा घरमा नै जीवनयापन गर्नुभयो। जसले उहाँसित दुर्व्यवहार गरे उहाँले तिनीहरूसित उत्तम व्यवहार र पुण्य गर्नुभयो। दुखी दरिद्रहरूको सहयोग गर्नुभयो। युद्धमा उहाँले अत्यन्त वीरता प्रदर्शन  गर्नुभयो। अतिथि सेवामा उहाँ सबैभन्दा अग्रणि हुनुहुन्थ्यो। उहाँको रवाफ र प्रताप कतिसम्म थियो भने जसले उहाँलाई टाढाबाट देख्थ्यो त्यो डरले थर्र हुन्थ्यो। परन्तु जब उहाँका निकट आउँथ्यो तब डर समाप्त हुन्थ्यो। जो व्यक्ति उहाँका छेउमा बस्थ्यो त्यहाँबाट उठ्न उसको मन मान्दैनथ्यो।
उहाँलाई पवित्र कुरआन दिइयो। यो पुस्तक प्रलयका दिनसम्म  सक्रिय र मान्य रहनेछ।कहिल्यै निस्क्रिय र अमान्य हुनेछैन। यसैगरी उहाँको दान र भलाइ पनि प्रलयका दिनसम्म जारी रहनेछ उहाँबाट अलग्ग रहेर कसैले कुनै पण्य र अल्लाहको करूणा प्राप्त गर्नसक्दैन। उहाँका एघारवटी पत्नी थिए। यिनीहरूमध्ये हज़रत आइशा सिद्दिका (रज़ी) बाहेक सबै विधवा थिए । उहाँकी

चारवटी पुत्रीहरू र चारवटा पुत्रहरू जन्मिए परन्तु पुत्रहरूभने बाल्यकालमै स्वर्गवास भए। पुत्रीहरू जीवित रहे ती पुत्रीहरूको नाम यसप्रकार छः- ज़ैनब,रूक़िय्या,उम्मे कुलसूम र फातिमा (रज़ी) हज़रत रूक़िय्या र उम्मे कुलसूमको एकपछि एक गरी हज़रत उस्मानसित विवाह भयो र ज़ैनबको विवाह अबूल् आससित भयो। तथा हज़रत फातिमाको विवाह हज़रत अलीसित भयो। हज़रत फातिमाबाहेक कसैका सन्तान अघिबढेनन। हज़रत फातिमाका सन्तानलाई नै सैयद (सरदार) भनिन्छ। हज़रत महम्मद (सल्लम) का पुत्रहरूको नाम यसप्रकार छः-

कासिम,ताहिर, तय्यब र इब्राहीम (रज़ी)

## हज़रत अबूबकर रज़ीयल्लाह अन्हु

हज़रत अबूबकरका पिताको नाम अबू क़हाफा र माताको नाम उम्मुल खैर सल्मा थियो। उनी हज़रत मुहम्मद रसूलुल्लाह(सल्लम)भन्दा एक वर्ष साना थिए। हज़रत अबूबकर (रज़ी) कुरैश (जाति) मा अत्यन्त सम्माननीय र धनी थिए। उनी व्यपार गर्थे। जब हज़रत

मुहम्मद (सल्लम) ले नबी हुने दावी गर्नुभयो तब सबैभन्दा पहिला हज़रत अबूबकरले उहाँप्रति इमान (विश्वास) ल्याए। मुसलमान भएपछि उनलाई अत्यन्त कष्ट दिइयो। परन्तु उनले हज़रत मुहम्मद रसूलल्लाह (सल्लम) को साथ कदापि छाडेनन अपितु प्रत्येक कठिनाइ र संकटमा कदम अघिबढाए। हिजरत (प्रवास) को समयमा सूर नामक गुफामा उनी नै हज़रत मुहम्मद (सल्लम) सित थिए। पवित्र कुरआनमा अल्लाह तआलाले उनको खुबै प्रशंसा गरेकाछन। उनी दुखी दरिद्रहरू र टुहुराहरूप्रति अत्यन्त दया गर्थे र उनी गरीबहरूका सहायक थिए। जब उनी मुसलमान बने त्यससमय आफ्नो समस्त धन इस्लाम र मुसलमानहरूका लागि खर्च गर्न आरम्भ गरे। उनका बारेमा हज़रत मुहम्मद (सल्लम) ले भन्नुभयोः–

"मलाई सर्वाधिक लाभ अबूबकर (रज़ी) को धनले पुर्याएको छ।"

उनी सबै युद्धहरूमा हज़रत मुहम्मद (सल्लम) सित सामेल भए र बडा बडा साहसिक कार्यहरू गरे। उनी उच्च आचरणका स्वामी थिए। विशेषगरी उनको हृदय अति कोमल थियो र इच्छाशक्ति पनि अति प्रखर थियो। उनले इस्लामको प्रचारद्धारा नै भिन्न भिन्न क़बीला (जाति) हरूका गन्य–मान्य

नेताहरू र मुखियाहरू मुसलमान भए। हज़रत मुहम्मद (सल्लम) की सबैभन्दा प्रिय पत्नीहज़रत आइशा (रज़ी) उनैकी पुत्री थिइन। उनकै समयमा पवित्र कुरआन एउटा पुस्तकको रूपमा संकलित भयो। हज़रत मुहम्मद (सल्लम) को स्वर्गवासपछि उनी सबैभन्दा पहिला ख़लीफा (उत्तराधिकारी) निर्वाचित भए। उनले कुल 2 साल 3 महीना र 10 दिन खिलाफत गरे।

## प्रतिश्रुत मसीह (कल्किअवतार) अलैहिस्सलाम

प्रतिश्रुत मसीह हज़रत मिर्ज़ा ग़ुलाम अहमद साहेब क़ादियानी खुदा तआलाका ती भक्तहरूमध्ये एक थिए जसलाई खुदा तआलाले मानवजातिको उद्धारका लागि पठाउने गर्छन। तिनीहरूद्धारा संसारमा इमान र धर्म स्थापित गर्छन तथा आफ्ना भक्तहरूलाई पथभ्रष्टताबाट निकाल्छन। उहाँ खुदाका निर्वाचित (भक्त)हुनुहुन्थ्यो। उहाँद्धारा अल्लाह तआलालले इस्लामलाई समस्त धर्महरूमाथि विजयी तुल्याए तथा इस्लाम धर्ममा आएका विकृति र विकारहरूको निवारण गरे। उहाँको दावी थियो, मलाई अल्लाह तआलाले मानवजातिको सुधार र मार्गदर्शनहेतु पठाएका हुन। म त्यही प्रतिश्रुत मसीह (कल्कि अवतार) हुँ जसको चर्चा र भविष्यवाणी हदीसमा आएको छ र म

त्यही महदी हुँ जसको आगमनको भविष्यवाणी हज़रत मुहम्मद(सल्लम) ले गर्नुभएको छ। म त्यही सुधारक हुँ जसको आगमन अन्तिम युगमा निश्चित थियो तथा सबै धर्महरूमा त्यसको अन्तिम युगमा आगमनबारे भविष्यवाणीहरू पाइन्छन। मलाई अल्लाहले इस्लामको सुधार र समर्थन तथा सहायताका लागि पठाएका हुन। मलाई पवित्र कुरआनको समझ यसका ज्ञानहरू र गुढतत्त्वहरू प्रदान गरिएका छन। हज़रत मुहम्मद पवित्र रसूल(सल्लम)को प्रतिष्ठा र सम्मान स्थापित गर्नहेतु अल्लाहले मलाई पठाएका हुन। इस्लामलाई अन्य धर्महरूमाथि विजयी तुल्याउनु मेरो कार्य हो। म ईसाईहरू र यहूदीहरूका लागि मसीह हुँ। हिन्दुहरूका लागि कृष्ण (कल्किअवतार)। उहाँको यो दावी सुन्नासाथ मानिसहरू उहाँका विरोधी भए। उहाँमाथि कुफ्र (धर्मभ्रष्ट) को फत्वा (निर्णय) लाग्यो। उहाँलाई र उहाँका अनुयायीहरूलाई मृत्युदण्डयोग्य ठहर्याइयो। उहाँलाई भिन्न भिन्न प्रकारका कष्टहरू दिइए। परन्तु अल्लाह तआलाले उहाँको सहयोग र समर्थन गरे। उहाँसित रसूलहरू र प्रियहरूको व्यवहार र मामिला गरे। प्रत्येक क्षेत्रमा उहाँलाई सफलता प्रदान गरे। प्रत्येक प्रकारका विपद र हानिहरूबाट उहाँलाई सुरक्षित राखे। उहाँका शत्रुहरूको नाश भयो। उहाँको सत्य प्रमाणित

गर्नहेतु भविष्यवाणी अनुसार सूर्य र चन्द्रमालाई रमज़ानको महीनामा ग्रहण लाग्यो। प्लेग(महामारी) ले उहाँका शत्रुहरूको सफाया गर्‍यो। आर्यसमाज र ईसाईधर्मका सिद्धान्तहरूलाई उहाँले गलत सिद्ध गर्नुभयो। इस्लामको सत्यता र शुद्धता(प्रमाणित गर्न) का लागि उहाँले प्रायः अस्सीवटा पुस्तकहरूको रचना गर्नुभयो। यसैगरी सएकडौं विज्ञापनहरू प्रकाशित गर्नुभयो। गत तेरहसय वर्षको अवधिमा यस्तो असाधारण र अतुलनीय व्यक्ति जन्मिएको थिएन भनी शत्रुहरूले समेत साक्षी दिए। त्यही इस्लाम जुन उहाँको आगमनभन्दा पहिला असहाय र असमर्थ देखिन्थ्यो आफ्नो प्रारम्भको (प्रकाशमय) अवस्थामा परिवर्तित भयो। आज यसबाट समस्त धर्महरू त्रस्त छन र यसका सामुन्ने आउन डराउँछन।

हज़रत मिर्ज़ा गुलाम अहमद (प्रतिश्रुत मसीह) ले एउटा यस्तो जमाअत जगतमा खडा गर्नुभयो जुन वास्तवमा इस्लामप्रति चल्ने र शरीअत (धर्मशास्त्र) का आदेशहरू पालन गर्ने जमाअत हो। यो जमाअत खुदा र उनका रसूल (हज़रत मुहम्मद) प्रति आफ्नो ज्यान निछावर गर्न तत्पर छ। धर्मलाई सांसारिक मामिलाहरूप्रति प्रमुखता दिन्छ र समस्त संसारमा इस्लामको प्रचार गर्छ। ईसाईहरूको केन्द्र (लंदनमा) मा समेत मस्जिदहरू निर्माण

गरिएका छन जसमध्ये मस्जिद फ़ज़ल र मस्जिद बैतुल फतूह प्रसिद्ध छन। प्रतिश्रुत मसीह (अलै.) को यो जमाअत अर्थात अहमदिया मुस्लिम जमाअत आज संसारका कुना कुनासम्म फैलिनपुगेको छ। कुनै महादेश अथवा देश यस्तो छैन जहाँ यो जमाअत नपाइयोस। प्रतिश्रुत मसीह अलैहिस्सलामले यस्ता मृतस्वरूप व्यक्तिहरूलाई जीवन प्रदान गर्नुभएको छ जसले अब अन्यहरूलाई जीवित गरिरहेछन। उहाँप्रति र उहाँका आज्ञापक हज़रत मुहम्मद (सल्लम) प्रति हे अल्लाह शान्ति र करूणा वर्षण गर।

## प्रतिश्रुत मसीहका पहिला खलीफा हज़रत मौलाना अल्हाज़ नूरूद्दीन रजियल्लाहु अनहू

उहाँ जिल्ला शाहपूरको भैरा नामक स्थानमा 1841 ई.मा जन्मनु भयो। बाल्यकाल त्यहीँ बिताउनु भयो। आफ्ना ठूला दाईबाट धार्मिक र परम्परागत शिक्षा लिनुभयो तथा रावलपिण्डीबाट नार्मल परीक्षा पास गरी पिण्ड दादनखाँमा हेड मास्टर नियुक्त हुनुभयो। परन्तु उच्चशिक्षा प्राप्त गर्ने चाहनाले नौकरी र आफ्नो मातृभूमि छाडेर दिल्लीतर्फ लाग्नुभयो। भारतका प्रसिद्ध शिक्षा संस्थान रामपुर, लख्नऊ र भूपाल इत्यादि ठाउँमा औषधि विज्ञान र धार्मिकज्ञान

आर्जन गर्नलाग्नु भयो। त्यही विद्यार्थीकालमा हज गर्नका लागि पवित्र मक्काको यात्रा गर्नुभयो। त्यहाँ गएर भिन्न भिन्न हदीसका विशेषज्ञहरूबाट हदीसको ज्ञान लिनुभयो र त्यसमा दक्षता प्राप्त गर्नुभयो। अरबदेशबाट फर्किएर उहाँले आफ्नो मातृभूमि भैरामा औषधालय खोल्नुभयो। त्यहाँ टाढा टाढाबाट र छेउछाउका छेरै रोगीहरूको ताँतो लाग्यो। त्यही समयमा एउटा दिव्यस्वप्नको आधारमा उहाँले कश्मीरका महाराजाको शाही चिकित्सकको पद स्वीकार गरी 1891ई. सम्म त्यहाँ रहनुभयो। उहाँले दरबारमा खुबै प्रसिद्धि र सम्मान प्राप्त गर्नुभयो। त्यसपछि उहाँ पुनः आफ्नो गाउँ भैरा फर्कनुभयो अनि आफ्नो निवास र चिकित्सालयका लागि भवन निर्माण गर्न आरम्भ गर्नुभयो। निर्माण चलिरहेको अवधिमा केही विशेष कामका लागि लाहौर जानुपर्‍यो जब उहाँ लाहौर पुग्नुभयो तब प्रतिश्रुत मसीह (अलै.) सितको प्रेम र महिमा र उहाँसितको मधुर सम्बन्धका कारण कादियान नगइकन फर्किएर जाने इच्छा भएन। कादियानमा त्यससमय हज़रत मौलवी अब्दुल करीम साहेब पनि उपस्थित थिए। उहाँले मौसूफसित हज़रत मिर्ज़ा गुलाम अहमद प्रतिश्रुत मसीहले उहाँ यहीँ (कादियानमा) रहनुहोस भन्ने चाहनुहुन्छ भन्ने कुराको उल्लेख गर्नुभयो। त्यो कुरो सुनेर उहाँले भन्नुभयो, ठीक छ। त्यसपश्चात यहीँ (कादियानमा)रहन लाग्नुभयो।

उहाँ बिहानीपख महिलाहरूलाई पवित्र कुरआनको शिक्षा दिनुहुन्थ्यो र सन्ध्यापख मस्जिद अक्सामा पुरूषहरूलाई प्रतिदिन दरस (शिक्षा) दिनुहुन्थ्यो। तथा दिनभरी विध्यार्थीहरूलाई हदीस र औषधिविद्याका पुस्तकहरूको ज्ञान दिनुहुन्थ्यो। साथै रोगीहरूको उपचार पनि गर्नुहुन्थ्यो र प्रतिश्रुत मसीहका सेवामा उपस्थित रहनुहुन्थ्यो।

1908 ई. मा जब प्रतिश्रुत मसीह (कल्कि अवतार) को देहान्त भयो तब अहमदिया जमाअतका समस्त सदस्यहरूले उहाँलाई प्रतिश्रुत मसीहका पहिला उत्तराधिकारीको रूपमा स्वीकार गरे। उहाँका हातमा सबैले बैअत (अनुबन्धन) गरे। तालीमुल इस्लाम हाईस्कूल र बोर्डिंग हाऊस कादियानका वृहत भवनहरू उहाँकै खिलाफतकालमा निर्मित भए। नूर हस्पताल र मस्जिद नूर पनि उहाँकै समयका स्मरणहरू हुन जुन उहाँकै नामम निर्मित भए। अलफज़ल र नूर दुवै पत्रिकाहरू पनि उहाँकै कार्यकालमा जारी भएका हुन। यसैगरी लन्दनमा प्रचार कार्यलयको उद्घाटन पनि उहाँकै मंगलमय कालमा भएको हो।

एउटा विशेष उल्लेखनीय कुरो के रहेको छ भने बंगालका निवासी प्रसिद्ध विद्वान मौलवी सैयद अब्दुल वाहिद साहेब उहाँकै खिलाफतकालमा अहमदिया जमाअतमा दाखिल भए

र उनका साथ साथ उनै मार्फत सएकडौं व्यक्तिहरू अहमदी भए। 13 मार्च 1914 ई. शुक्रवारका दिन उहाँको स्वर्गवास भयो। इन्ना लिल्लाहि व इन्ना इलैहि राजेऊन (अर्थात हामी अल्लाहकै हौं र उनीतर्फै हामी फर्किएर जानेछौं)। उहाँ आफ्नो निष्ठा र संयमका कारण हज़रत मिर्ज़ा गुलाम अहमद प्रतिश्रुत मसीह र महदी (अलै.) का दृष्टिमा अत्यन्त प्रिय र विश्वसनीय हुनहुन्थ्यो। उहाँले एउटा कवितामा उहाँको प्रशंसा गर्दै भन्नुभएको छः– फारसीको अनुवाद–

"यदि मेरा अनुयायीहरूमध्ये प्रत्येक व्यक्ति नूरूद्दीन भएका भए कति उत्तम हुनेथियो। यदि प्रत्येक हृदय विश्वास र इमानले पूर्ण भए कति नै राम्रो हुनेथियो।" उहाँको दान र पुण्य सबैका निम्ति बराबर थियो। हज़ारौं हिन्दु, मुस्लिम, ईसाईहरूले उहाँबाट कुनै न कुनै प्रकार लाभ उठाएर उहाँका कृतार्थ भएका छन। उहाँको स्मरणमा तिनीहरू दुखित भइ आँसु बगाउँछन। धेरैजना विध्यार्थीहरूलाई उहाँले आफ्नो धन खर्च गरी शिक्षा दिलाउनु भयो। सएकडौं विध्यार्थीहरूलाई स्वयं शिक्षा दिनुभयो। कतिपय मानिसहरूलाई हज गर्ने खर्च दिनुभयो। धैरेजना अभावग्रस्तहरूको ऋण तिर्नुभयो। उहाँ सबैलाई उत्तम अर्ती र उपदेश दिनुहुन्थ्यो। रोगीहरूलाई निशुल्क औषधि दिनुहुन्थ्यो र उपचारका लागि कहिल्यै फीस माग्नुहुदैनथ्यो। जसले जति दिन्थ्यो स्वीकार गर्नुहुन्थ्यो।

अल्लाह तआलाले उहाँलाई स्वर्गमा परम स्थान र उच्च दर्जाहरू प्रदान गरून (आमीन) उहाँले 5 वर्ष 9 महीना र 18 दिन खिलाफत गर्नुभयो।

# पवित्र कुरआनको शिक्षा

1- अल्लाह तआला एक अद्वितीय, सर्वशक्तिमान, सबैका स्वामी, प्रकृत सम्राट, सदारहित, सबैका आश्रय र आधार रहेका छन। उनका निम्ति कुनैकुरो असम्भव छैन।

2- प्रत्येक समय, निरन्तर हज़रत मुहम्मद मुस्तफा (सल्लम) प्रति दरूद (शान्तिकामना) पढ्ने गर।

3- हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) सित प्रेम गर र उहाँलाई आफ्नो ज्यान र प्राणभन्दा पनि अधिक प्रिय मान।

4- प्रत्येक समय प्रायश्चित्त र क्षमायाचना गर्नेगर।

5- पाप एउटा विष हो त्यसलाई नखाऊ (अर्थात पापबाट बच)।

6- प्रत्येक समय दुआ (प्रार्थना) गर्ने गर।

7- सदा खुदासित डर्ने र भयभीत रहने गर।

8- सादा र साधारण तथा विनयपूर्ण जीवनयापन गर।

9- परस्पर लडाइ झगडा नगर।

10- कसैमाथि अत्याचार नगर।

11- दिनमा पाँचपटक नमाज़ अनुष्ठान गर।

12- अल्लाह तआलाको अनुकम्पा र अनुग्रहका कृतार्थ बन।

13- निकट सम्बन्धी नातेदार, दरिद्र र पथिकहरूका हक अधिकारहरू प्रदान गर।

14- वैध, उचित र पवित्र खाद्य खानेगर।

15- कसैमाथि मिथ्यारोप नलगाऊ।

16- अपव्यय नगर।

17- व्यभिचारका निकट नजाऊ।

18- सत्यपरायण व्यक्तिहरूको संगत अपनाऊ।

19- सदा उत्तम र पुण्य कार्य गर।

20- अपकर्म र नराम्रा कुराहरूबाट बच।

## हदीसका शिक्षाहरू

1- खुदातआलाको उपासना यसप्रकार गर मानौ तिमीहरू उनलाई देखिरहेछै अथवा उनी तिमीहरूलाई देखिरहेछन।

2- अपकर्महरूबाट बच।

3- नम्रता र विनय धारण गर।

4- संसारको मोह त्याग।

5- ठूला बडाको सम्मान गर र सानाहरूमाथि दया गर।

6- खुदा तआला र उनका रसूल (हज़रत मुहम्मद सल्लम) सित प्रेम गर।

7- हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) का परिवार र उहाँका सहचर (सहाबा) हरू सित प्रेम गर।

8- डाह र ईख त्याग।

9- व्यर्थ र अनर्थ कुराहरूबाट बच।

10- पीडित व्यक्तिहरूको सहयोग गर।

11- अत्याचारीको सहयोग गर (अर्थात त्यसलाई अत्याचारबाट रोक)।

12- सबैसित उत्तम व्यवहार गर।

13- मिथ्या र झूटो गवाही नदेऊ।

14- ज्योतिषीहरूका कुराहरूलाई सत्य नमान।

15- शासक (हाकिम) को आदेशपालन गर।

16- आफ्ना अन्तर्गत रहेका व्यक्तिहरूसित उत्तम व्यवहार गर।

17- हज़रत मुहम्मद रसूलुल्लाह (सल्लम) को आदर्श अपनाऊ।

18- अधिक भन्दा अधिक दान दक्षिणा दिने गर। विशेषतः रमज़ानकोमहीनामा।

19- खुदालाई अत्यधिक स्मरण गर।

20- कसैको मन नदुखाऊ।

Islam Ko Dusro Kitab
(for children)

AHMADIYYA SANGH NEPAL
POST BOX NO. 2003,
SINAMANGAL - 9, NEAR KMC HOSPITAL,
KHATHMANDU, NEPAL
PH. 01-4460102, EMAIL ; ahmadiyyasangh@gmail.com

**www.alislam.org /www.ahmadiyyamuslimjamaat.in**
Feedback **www.ahmadiyyamuslimjamaat.in/feedback**

**MUSLIM TELEVISION AHMADIYYA INTERNATIONAL**
**www.mta.tv**
Satellite: Asia sat 7s, Degree: 105.5 East, Frequency 3760 Symbol Rate: 26000 FEC: Auto / C.Band 4 Feet Dish Antenna
EutelsatE70B, Degree: 70° East, Frequency: 11211, SymbolRate: 5111, Polarization-HorizontalQPSK-1/2, KU Band 2 feet Dish Antenna